म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १०२ शुक्रबार ७ मंसिर २०८१ ते. सं. ११४५ कछलागा 22 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

यी हुन् बागमती प्रदेश मन्त्रिपरिषद् बैठकका निर्णय

हेटौंडा, ६ मंसिर/बागमती प्रदेश सरकारको बिहीबार बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् बैठकले विभिन्न चार वटा निर्णय गरेको छ । बैठकले रिक्त सचिव पदमा अधिकृतलाई खटाउनेदेखि स्वास्थ्यसेवा नियमावलीसम्मको निर्णय गरेको छ । मन्त्रिपरिषद् बैठकले प्रदेशमा सरुवा भई आएका निजामति सेवाका राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीलाई प्रदेश मन्त्रालयको सचिवको जिम्मेवारीमा खटाउने निर्णय गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानूनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । प्रदेशको विभिन्न मन्त्रालयमा रिक्त रहेका सचिव पदमा राजपत्रांकित प्रथम श्रेणीका कर्मचारी (अधिकृत) लाई खटाउने निर्णय गरेको उनको भनाई छ । बैठकले स्वास्थ्यसंस्था संचालन तथा व्यवस्थापन समिति सम्बन्धी नियमावली, २०८१ लाई स्वीकृत प्रदान गर्ने र प्रदेश स्वास्थ्यसेवा (दोस्रो संशोधन) गरेको नियमावली २०८१ लाई स्वीकृत प्रदान गर्ने निर्णय गरेको प्रवक्ता लामिछानेले जानकारी दिए ।

धुलो दूध कारखाना सञ्चालन मोडालिटी टुंग्याउन अध्ययन समिति

साझाकुरा संवाददाता



हेटौंडा, ६ मंसिर/हेटौंडा उपमहानगरपालिका-१०, स्थित दुई वर्षदेखि अलपत्र धुलो दूध कारखाना (पाउडर प्लान्ट) सञ्चालनको मोडालिटी टुंग्याउन अध्ययन समिति गठन गरिएको छ ।

प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी)सँग यसअघि नै सञ्चालन प्रस्ताव मागेर हालै अध्ययन समिति गठन गरेको हो । डीडीसीलाई कारखाना दिने भन्दा कृषिमन्त्री प्रकाश श्रेष्ठ अध्ययन समिति गठनको बाटोमा लागेका हुन् । प्रदेश नीति तथा योजना आयोगका कृषिक्षेत्र हेर्ने सदस्य दीपेन्द्र श्रेष्ठको संयोजकत्वमा गत २७ कार्तिकमा मन्त्रीस्तरीय निर्णयबाट दुग्ध पाउडर प्लान्ट सञ्चालन मोडालिटी अध्ययन समिति-२०८१ गठन भएको छ ।

समितिमा ६ जना सदस्य छन् । कृषि मन्त्रालयले सदस्यको नाम बताउन भने चाहेन । समितिलाई १५ दिनभित्र अध्ययन प्रतिवेदन पेश गर्न समय दिइएको मन्त्रालयका सचिव विनोद भट्टराईले जानकारी दिए । अध्ययन समितिले दिएको सुझावका आधारमा दूध कारखानाको सञ्चालन मोडालिटी टुंगो लगाइने उनले बताए ।

प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अलपत्र परेको पाउडर प्लान्ट चलाउन यसअघि डीडीसीलाई जिम्मेवारी दिने उद्देश्यले सञ्चालन कार्यविधिसहितको प्रस्ताव माग गरेको थियो । कृषिमन्त्री श्रेष्ठको अध्यक्षतामा डीडीसीका निमित्त महाप्रबन्धक सूर्य पौडेलसहित मन्त्रालयमा गत २६ भदौमा बसेको कारखाना सञ्चालनसम्बन्धी बैठकले सञ्चालन प्रस्ताव पेश गर्ने निर्णय गरेको थियो । डीडीसीले असोज दोस्रो हप्ता अर्थात दशैंअघि मन्त्रालयलाई प्लान्ट सञ्चालन मोडालिटीसहित प्रस्ताव पेश गरि सकेको छ ।

डीडीसीका निमित्त महाप्रबन्धक पौडेलले मन्त्रालयलाई प्लान्ट सञ्चालनको विस्तृत विवरणसहित प्रस्ताव पेश गरिएको जानकारी दिए । प्रस्तावमा प्लान्ट सञ्चालनबाट प्राप्त आम्दानी प्रदेश सरकार र डीडीसीबीच बाँडफाँड हुने उल्लेख गरिएको पौडेलले बताए । प्लान्टको व्यवस्थापकीय प्राविधिक जिम्मेवारी, दूधलगायतका कच्चापदार्थको सहज आपूर्ति, बजारीकरणको अवस्थाका विषय प्रस्तावमा समेटिएको उनको भनाई छ ।

डीडीसीले प्लान्ट सञ्चालनका लागि जिल्लास्थित जिल्ला दुग्ध उत्पादक सहकारी संघलाई पनि जोड्ने प्रस्ताव गरेको छ । जिल्लामा उत्पादित दूध सहकारी संघमार्फत एकद्वार प्रणालीबाट संकलन र बिक्री वितरण हुँदै आएको छ । 'संघबाट दूध खरिद गरेर प्लान्ट सञ्चालनको योजना छ । यसो गर्दा हामीलाई दूधको कहिल्यै अभाव हुँदैन । जनकपुरदेखिको दूध हेटौंडा ल्याउन पनि सकिने विषय उल्लेख गरेका छौं ।' पौडेलले भने । तराईका जिल्लामा उत्पादित दूध विराटनगर स्थित पाउडर लान्ट पुऱ्याउँदा खर्चिलो भएको पौडेलले बताए ।

डीडीसीसँग सञ्चालन प्रस्ताव मागेर फेरि अध्ययन समिति गठन किन भन्ने प्रश्नमा मन्त्रालयका अधिकारीहरु नै अनविज्ञता प्रकट गर्छन् । कृषि मन्त्रालयले विस्तृत कार्ययोजना कार्यविधिबिना हचुवामै प्लान्ट निर्माण गरेको थियो । प्लान्ट चलाउने दीर्घकालीन योजना नहुँदा मन्त्रालयले कारखानाको अस्थायी सञ्चालन डीडीसीलाई दिँदै आएको छ । आवश्यकताअनुसार डीडीसीले कारखानालाई परीक्षणको रुपमा सञ्चालन गरिरहेको छ । डीडीसीले पाउडर उत्पादन गरिरहेको पौडेलले बताए ।

प्रदेश दुग्ध विकास बोर्डसँग १४ मंसिर र २२ माघ २०८० मा भएको सम्झौताअनुसार डीडीसीले प्लान्टको विगत डेढ वर्षदेखि परीक्षणको रुपमा सञ्चालन गर्दै आएको हो । कुन मोडालिटीमा उद्योग सञ्चालन गर्ने भन्नेमा टुंगो नलाग्दा उद्योग परीक्षणकालमै सीमित बनिरहेको छ । संघीय सरकार मातहतको दुग्ध विकास आयोजनाको पशुआहार उत्पादन उद्योगको साढे १ बिघा क्षेत्रफलमा प्रदेश सरकारको ४७ करोड ३३ लाख २४ हजार रुपैयाँमा कारखाना निर्माण गरिएको हो ।

१६ पुस २०७७ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गरेको कारखानाको निर्माणकार्य एक वर्षभित्र सक्ने गरी इजी इन्फ्रा कम्पनीले ठेक्का सम्झौता गरेको थियो । कम्पनीसँग १ पुस २०७७ मा ४१ करोड २२ लाख ७१ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको थियो ।

तीनपटक म्यादथप गरी कारखाना निर्माण भएकाले यसको लागत ६ करोड बढेको मन्त्रालयका योजना महाशाखाप्रमुख तथा प्रवक्ता सुजन कंडेलले बताए । कारखाना दैनिक ६० हजार लिटर दूध खपत गर्ने क्षमताको रहेको छ । नियमित सञ्चालनमा आएमा पाउडर प्लान्टबाट प्रतिदिन ५ मेट्रिकटन र प्रतिवर्ष एक हजार पाँच सय मेट्रिकटन धुलो दूध उत्पादन गर्न सकिने बताइएको छ । कृषकले उत्पादन गरेको दूधबाट दैनिक पाँच मेट्रिकटन पाउडर दूध उत्पादन र प्याकिङ गर्ने लक्ष्य कारखानाको छ ।

'द्वन्द्वपीडितको मुद्दामा सरकार संवेदनशील भएन'

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ द्वन्द्वपीडित परिवारले द्वन्द्वपीडितको समस्यामा सरकार संवेदनशील नभएको गुनासो गरेका छन । उनीहरुले जीविकोपार्जनदेखि शिक्षा, स्वास्थ्यजस्ता पक्ष जटिल बनेको बताएका थिए ।

सरकारले आस्वासन मात्रै दिएको र समस्या सम्बोधन नगरी उल्टै पीडामाथि थप पीडामात्रै दिइरहेको आभास भएको भनाई व्यक्त गरे । द्वन्द्वपीडित महिलाले पीडितको समस्या तत्काल सम्बोधन गरी मासिक भत्ता, परिचयपत्र, आरक्षण कोटा, बीमा, सिपमूलक तालिम माग गरेका छन् । राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेशले बुधवार हेटौंडामा आयोजना गरेको 'महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सन्दर्भमा प्रदेश सरकार नीतिगत निर्णय गरेर पीडितको पक्षमा काम गर्ने बताए ।

सशस्त्र द्वन्द्वपीडितको समस्या सम्बोधन गर्न अब प्रदेश सरकारले विशेष कार्यक्रम ल्याउने तयारी गरिरहेको उनले बताए । द्वन्द्वपीडितको परिवार अरुभन्दा बढी समस्यामा रहेको बताउँदै उनीहरुको माग कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा सम्बद्ध सबैसँग बसेर छलफल गरी निष्कर्ष निकाल्दै अघि बढाउने उनले बताए । आदर्श नारी विकास केन्द्र, द स्टोरी किचेनको सहकार्यमा आयोजित कार्यक्रमलाई राष्ट्रिय मानवअधिकार आयोग प्रमुख पवन भट्टले महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजनाको उद्देश्य, औचित्यको बारेमा जिम्मेवार निकाय र सरोकारवालालाई ध्यानाकर्षण गराएका थिए ।

प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द लामिछानेले द्वन्द्वको प्रकृति परिवर्तन भएपनि द्वन्द्वपीडितका समस्या उस्तै रहेको बताएका छन् । मन्त्री लामिछानेले द्वन्द्वपीडित महिला, बालबालिका लामो समय देखि पीडामाथि पीडा बोक्दै आएकाले यो समस्या समाधानमा प्रदेश सरकारले चासो राखेको बताए । उनले द्वन्द्वपीडितको समस्या समाधानमा अन्तरतहको सरकारबीच समन्वयको कमी भएको बताए । दुई दशकदेखिको यो समस्या ज्युँकात्युँ छ अब यसलाई समाधान गर्न प्रदेश सरकार द्वन्द्वपीडितको लागि सशक्तीकरण र सबलीकरणमा काम गर्न तयार रहेको बताए ।

उनले पीडितको समस्यालाई सम्बोधन गर्न सम्बन्धित मन्त्रालयसँग समन्वय गरी अब बन्ने कार्यक्रममा महिला , शान्ति र सुरक्षासम्बन्धी विषयलाई प्राथमिकता दिन आफ्नो मन्त्रालय प्रतिबद्ध रहेको बताए । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेश सरकारका प्रमुखसचिव डा. हरिप्रसाद लम्सालले महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सन्दर्भमा प्रदेश सरकार नीतिगत निर्णय गरेर पीडितको पक्षमा काम गर्ने बताए ।

मकवानपुरमा पशु कल्याणका नियम कागजमै सीमित

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ मकवानपुरमा पर्ने विभिन्न राजमार्गबाट पशु ढुवानीका क्रममा मापदण्ड नअपनाइएको पाइएको छ । मकवानपुर भएर विभुवन राजपथ, कान्तिराजपथ, पूर्वपश्चिम राजमार्ग लगायत क्षेत्रमा सवारीसाधनमार्फत पशु ओसारपसार गर्दा मापदण्ड पूरा नगरिएको पाइएको हो ।

पशुलाई एक ठाउँबाट अर्को ठाउँमा ढुवानी गर्दा आवश्यक मापदण्ड पूरा गर्नुपर्ने कानूनी व्यवस्था छ । पशु ढुवानीमा मापदण्ड पूरा नगरेको र सरकारी निकायले नियमको प्रभावकारी अनुगमन गर्न नसकेको पशु अधिकारकर्मीहरु बताउँछन् । मकवानपुर प्रहरीले आक्कलझुक्कल कारबाही चलाएको बताइएको छ ।

पशु ढुवानीको मापदण्ड पूरा नगरेको भएर केही दिन अघिमात्र मकवानपुरको मनहरीमा सचेत गरेर पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक स्यामु अर्याललेे बताए । उनले भने, 'जानकारीमा आएसम्म पशु ढुवानी मापदण्ड पूरा गर्न लगाएका छौं ।' हरेक दिन शरीर रक्ताम्मे बनाएर मासुका लागि भारत हुँदै ठुलो संख्यामा राँगा, भैंसी, खसीबोकाको ढुवानी मकवानपुर भएर काठमाडौं लैजाने गरिएको छ । पशु ढुवानीलाई व्यवस्थित बनाउन सरकारले पशु ढुवानी मापदण्ड, २०६४ को मापदण्ड तथा पशु कल्याण निर्देशिका २०७३ जारी गरेको छ ।

पशुलाई एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्दा आठ घण्टाभन्दा धेरै हिँडाउन नपाउने लगायतको व्यवस्था मापदण्डमा रहेको छ । गाडीमा ढुवानी गर्दा अधिकतम ४८ घण्टामा गन्तव्य पुऱ्याउने पर्ने हरेक आठ घण्टामा तल झारेर दानापानी दिएर मात्र अघि बढाउनुपर्ने निर्देशिकामा उल्लेख भए पनि त्यसको कार्यान्वयन हुन नसकेको पशु अधिकारकर्मीहरुको प्रतिक्रिया छ ।

सिस्नेरी घटना: खेलाडीका परिवारको एन्फामा धर्ना र तालाबन्दी

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/उत्तरी मकवानपुरको इन्द्रसरोवर गाउँपालिका स्थित सिस्नेरी घटनामा ज्यान गुमाएका खेलाडीका आफन्तले अखिल नेपाल फुटबल फुटबल संघ (एन्फा)को मुख्यालयमा धर्ना दिएका छन् ।

सिस्नेरी घटनामा पीडित परिवारले बिहीबार सातदोबाटोस्थित एन्फा मुख्यालयको गेटमा तालाबन्दी गर्दै धर्ना दिएका हुन् । गत असोज १२ गते मकवानपुर जिल्ला इन्द्रसरोवर गाउँपालिकामा एउको पहिरोका कारण वडा नम्बर ३ स्थित बत्सलादेवी माविमा रहेको एन्फा एकेडेमीमा रहेका ६ किशोर खेलाडीको निधन भएको थियो । घटनामा एकेडेमीमा रहेका किशोर खेलाडीहरु आदित्य बलम्पाकी, विकल रेग्मी, प्रियान्स आचार्य, दिवस बानियाँ, अनुपम घलान र साइमल योन्जनको निधन भएको थियो ।

एन्फाकै कमजोरीका कारण घटनामा आफ्ना बच्चाहरु गुमाएको भन्दै आफन्तहरुले वर्तमान नेतृत्वलाई आरोप लगाउँदै तालाबन्दी गरेका हुन् । यस्तो घटना भइसक्दा पनि एन्फाले कुनै छानवीन नगरेको र नेतृत्वले ज्यान गुमाउनेका आफन्तालाई अझै पीडा दिएको भन्दै दुःख व्यक्त गरेका छन् । साथै आफन्तहरुले यस घटनाको सत्यतथ्य छानवीन हुनुपर्ने माग राखेका छन् ।

यसअघि ज्यान गुमाउनेका आफन्तहरुले पत्रकार सम्मेलन नै गरेर यस विषयमा छानवीन हुनुपर्ने माग राखेका थिए । तर, कतैबाट केही सुनुवाई नभएपछि उनीहरुले बिहीबार एन्फा मुख्यालयमै ताला लगाएर धर्ना बसेका हुन् । पीडित परिवारले प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्चण्ड', बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामालाई भेटेर घटनाको दोषि पत्ता लगाएर कारबाही गर्नुपने माग राखेका थिए । उनीहरुले क्षतिपूर्ति माग गर्दै आएक छन् ।

जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४, ॐ **आयल** पछाडि रहेको **दुर्गा खाजा घर** संचालनमा रहेको १५ धुर जग्गामा बनेको घरसहित जग्गा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले सम्पर्क राख्नुहोला ।

सम्पर्क :
९८५११८३३२३ (सुजित कुवर)

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

अनवरत् सेवामा आँखा अस्पताल

हेटौंडा सामुदायिक आँखा अस्पतालले १६ वर्षदेखि अनवरत् सेवा दिइरहेको छ । नेपालका मात्र नभई भारतको सीमावर्ती क्षेत्रबाट पनि हेटौंडामा आँखाको उपचार गर्न आउने सेवाग्राही प्रशस्तै छन् । लाखौं नागरिकको जीवनमा ज्योति छरिरहेको आँखा अस्पताल १६ वर्ष पूरा गरेर १७ औं वर्षमा प्रवेश गरेको छ । ५ मंसिर २०६५ मा अष्ट्रेलियन राजदुत ग्राहम लेडले हेटौंडामा सामुदायिक आँखा अस्पतालको उद्घाटन गरेका थिए । नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठानको पहिलो शाखाको रुपमा हेटौंडा सामुदायिक आँखा अस्पताल स्थापना भएको हो । रोटरी क्लबको यो ठूलो उपहार हो हेटौंडाको लागि । हेटौंडापश्चात भक्तपुर र निजगढमा पनि अस्पताल खोली शाखा स्थापना गरिएको छ । स्थापनाकालदेखि हालसम्म अस्पतालमा ८ लाख ९३ हजार जनाले आँखा जाँच गरिसकेका छन् । ६० हजार मोतिबिन्दुका बिरामीको शल्यक्रिया भएको छ ।

विभिन्न क्षेत्रमा निःशुल्क आँखा शिविर संचालन गरेर २२ हजारको निःशुल्क शल्यक्रिया गरिएको छ । अस्पतालमा आँखा जाँच, चश्मा जाँच, शल्यक्रिया सेवा, औषधिसेवा प्रदान गरिएको छ । यसका साथै आँखा स्वाथ्यसम्बन्धी जनचेतना प्रदान गर्न बिभिन्न समयमा विद्यालयका शिक्षक, स्वास्थ्य कार्यकता, महिला स्वास्थ्यस्वयम्सेविका, कारखानाका कामदारलगायत बिभिन्न समूहलाई तालिम गोष्ठी आयोजना गर्दै आएको छ । अस्पतालमा आई आँखा उपचार सेवा लिन नसकेकाहरुलाई ग्रामीण क्षेत्रमै पुगेर निःशुल्क आँखा शिविर पनि आयोजना गर्दै आइरहेको छ । अस्पतालले थाहा नगर पालिका, मनहरी गाउँपालिका र बागमती गाउँपालिकासँग समन्वय गरेर सामुदायिक आँखाकेन्द्र संचालन गरेको छ । त्यसैगरी ईन्द्रसरोवर गाउँपालिका, कैलाश गाउँपालिका र बकैया गाउँपालिकासँगको सहकार्यमा ग्रमीण आँखाकेन्द्र पनि संचालन गरेर त्यस भेगका जनतालाई आँखा स्वास्थ्यसेवा प्रदान गर्दै आईरहेको छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिकासहित ७ वटा पालिकामा सामुदायिक आँखा केन्द्रले सेवा सञ्चालन गरेका छन् । जिल्लाको १० पालिकामध्ये बाँकी ३ वटामा पनि आँखा केन्द्र स्थापना गरी सञ्चालन गर्ने तयारी छ । हेटौंडा सामुदायिक आँखा अस्पतालले थाहा नगरपालिका, मनहरी गाउँपालिका, बागमती गाउँपालिका, ईन्द्रसरोवर गाउँपालिका, कैलाश गाउँपालिका र बकैया गाउँपालिकासँगको सहकार्यमा ग्रमीण आँखा केन्द्र पनि संचालन गरिसकेको छ । राक्सिराङ, भीमफेदी र मकवानपुरगढी गाउपालिकासँग पनि ग्रामीण आँखा केन्द्र स्थापनको लागि छलफल भइरहेको छ ।

पालिकामा नयाँ शल्यक्रिया भवन निर्माण गरी सेवाप्रदान गर्नुका साथै न्यून दृष्टि भएका बालबालिकाको लागि पनि छुट्टै सेवाप्रदान गर्ने योजना रहेको बताइएको छ । हेटौंडामा भने हेटौंडा सामुदायिक आँखा अस्पताल १६ वर्षदेखि सुरु भएको हो । स्थापनाकालदेखि हालसम्म अस्पतालमा करिव ९ लाख जनाले आँखा जाँच गरिसकेका छन् । ६० हजार मोतिबिन्दुका बिरामीको शल्यक्रिया भएको छ । विभिन्न क्षेत्रमा निःशुल्क आँखा शिविर संचालन गरेर २२ हजारको निःशुल्क शल्यक्रिया गरिएको छ । हेटौंडामा सामुदायिक आँखा अस्पताल निर्माण गर्ने कार्यमा हेटौंडाका व्यवसायी, समाजसेवी सिद्धिलाल श्रेष्ठको प्रमुख भूमिका रहेको छ । हुन त धेरैको योगदान छ तर, श्रेष्ठले भने फ्रन्ट लाइनमा बसेर योगदान गरेका थिए । सामुदायिक आँखा अस्पताल एउटा गतिलो सिष्टममा चलेको छ । बसामाडीमा निर्माणाधीन लेन्स उत्पादन गर्ने कारखाना संचालनमा आएपछि हेटौंडाको थप पहिचान बन्ने छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
बडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०५५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बङबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६४८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७४७९
बाहुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाइ बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर ८ गते शनिबार २३ नोभेम्बर २०२४ । अष्ठमी, मार्ग कृष्णपक्ष । कछुलागा ११४५ ने.सं. । सूर्योदय ६:३२, सूर्यास्त ५:०७ ।

आजको राशिफल

मेष	: सहयोगीको राम्रो साथ पाइनेछ	तुला	: प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ
वृष	: रोकिएका काम बन्ने योग छ	वृश्चिक	: समय उत्साहवर्द्धक छ
मिथुन	: लगानीको अवसर जुटनेछ	धनु	: आम्दानी बढ्नेछ
कर्कट	: यात्रा अघि बढ्न सक्नेछ	मकर	: पितृधन लाभ हुनेछ
सिंह	: वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ	कुम्भ	: नयाँ ज्ञान प्राप्त हुनेछ
कन्या	: छिमेकमा असमझदारी बढ्नेछ	मीन	: कृषिमा हानि हुनेछ

हामीले बिराएको कृषि कर्मको बाटो

✍ कृष्णप्रसाद पौडेल

दिगो खेतीपाती प्रणालीको मार्गचित्र बनाउँदै स्थानीय विशेषतामा आधारित रैथाने खाद्य उत्पादन बढाउने र तुलनात्मक लाभका कृषि उपजको प्रवर्द्धन गरी खाना, रोजगारी र आम्दानी बढाउनका लागि हाम्रो मौलिक कृषि प्रणालीलाई अझ उन्नत बनाउनुको अर्को विकल्प छैन । तसर्थ, खेतीकर्ममा आफ्नै र अरुको समेत विवेक फर्काउन लागौं । यो नै उन्नत भविष्यको एकमात्र बाटो हो ।

१०/१२ हजार वर्ष पहिले गहुँ र गाईसँगै घरायसी बनाउने कार्यबाट सुरु भएको खेतीकर्म किसानको खासगरीहि महिलाको मल, पानी, बीउ र ब्याडको जतन गर्ने प्रकृतिसम्मत विवेकले निर्माण गरेको प्रविधिसँगै उन्नत भएको हो । यो मानिसको बसाईंसराइसँगै स्थानीय भूगोल र वातावरणमा थप परिष्कृत हुँदै विश्वभर फैंलियो ।

मान्छेको श्रमबाट गरिने कामलाई सजिलो बनाउन आविष्कार भएका घरपालुवा जनावर, हावा र पानीको वेगबाट मात्र सम्भव भएको खेतीकर्म बाफबाट चल्ने यन्त्र बनाउन सफल भएसँगै गतिवान् भयो । यो प्रकृतिको अन्तरनिहित ऊर्जाबाट गति नियन्त्रण गर्ने मानवीय चेतनाको कोसेढुंगा थियो । यही खोजको क्रममा प्रकृति र मानवीय आयाममा भइरहेका अरू समानान्तर खोज र आविष्कारले विज्ञानसम्मत खोजको दायरा थप फराकिलो बनाउँदै कृषि कर्मसा यान्त्रीकरण गर्ने कामको नयाँ जग बसाल्यो । यो कृषि कर्मको औद्योगिकीकरणको सुरुवात थियो ।

योसँगै मानवीय उपयोगर उपभोगका लागि चाहिने उत्पादन बढाउन खेतीपातीको क्षेत्र, प्रविधि र प्रणालीहरू मात्र विकास भएनन् यिनको विस्तार गर्न उत्पादनका स्रोत र सामग्री तयार गर्ने, उत्पादित उपजको प्रशोधन गर्ने कलकार खाना, उद्योग र यिनलाई थप विकसित गर्न औद्योगिक कार्यशाला समेत विकसित भए । यसरी औद्योगीकरण भइरहेका क्षेत्रमा त्यस्ता कारखानालाई चाहिने कच्चा पदार्थ ओसारपसारको लागि यातायातका साधन र पूर्वाधार बने । यो सबैलाई गतिवान् बनाउन प्राकृतिक ऊर्जा तथा खनिज स्रोतको उत्खनन् तीव्र भयो । यही ऊर्जाबाट चल्ने प्रविधिका बलमा खानेकुरा र अन्य आवश्यकता पूरा गर्न ओसारपसार र व्यापार हुँदै बजारको वर्चस्व बढ्यो । यसले उत्पादनका साधन र स्रोतमा प्रकृति दोहनको होडबाजीसँगै बाह्य बजारको व्यापारिक नियन्त्रण बढ्यो ।

यो यात्रा यत्तिमा मात्र रोकिएन । स्रोत नियन्त्रणका लागि थप नयाँ आविष्कार र खोज भए । प्रकृति दोहनको होडबाजी र स्रोतको खोसाखोसका लागि यी खोजहरूको व्यापक दुरुपयोग समेत भयो । परिणामतः दुई ठूला युद्ध भए । विश्वयुद्धको अन्त्यले प्रकृति दोहनको भौतिक उपनिवेशको यात्रामा त रोक लगाथो तर दुनियाँभर को स्रोतको भरमा निर्माण भएको विरासत भत्किने भय पालेको औद्योगिक उपनिवेशी सत्ताले निहित स्वार्थका लागि यो बाध्यकारी रोकलाई बेवास्ता गर्दै विकास साझेदारीको नयाँ जलप लगाएर ज्ञान, विज्ञान र प्रविधिलाई योजनाबद्ध विकासको अस्त्र बनायो । यो अस्त्र उपनिवेशी नियन्त्रणको सामाजिक अभियन्त्रण गर्ने कपट थियो । ज्ञान र प्रविधिको बलमा अहिले विश्व समाजको टाढैबाट अभियन्त्रण भएको छ । यो सम्भव बनाउन तार रहित सञ्चारप्रविधिको विकासले सम्भव बनाएको हो । यस्ता प्रविधिको विकास अहिले पनि निरन्तर जारी छ ।

साथै, अहिले औद्योगिक विकास एकमात्र विकल्पको संकथन प्रस्तुत भइरहेको छ । यो संकथनको प्रभावकारी कार्यान्वयन गर्न औद्योगिक शिक्षालाई यसको मुख्य हतियार बनाइयो । औद्योगिक ज्ञानसत्ताको केन्द्र बनेको विश्वविद्यालय र यसले उत्पादन गरेका बौद्धिकहरू यसैका उत्पादन हुन् । यिनीहरूको सामाजिक मनोविज्ञान औद्योगीकरणको भाथले दाईएको छ । यो अभियन्त्रणले समग्र प्रकृतिको दोहनलाई सत्ता शक्तिको आडमा वैधता मात्र दिएन, यस्तो बिगार नगर्ने अभ्यास, सभ्यता र संस्कृति भएका समुदाय, समाज र क्षेत्रलाई अविकसित र पछौटेको संज्ञा दियो । संसारभरका आदिवासी, जनजाति र फरक जीवन पद्धति भएका अन्य लाखौं समुदाय उनीहरूका लागि रातारात अविकसित र पाखे हुनपुगे ।

औद्योगिक विकासको यो जोड-घटाउले हजारौं वर्षको प्रकृतिसँगको सहअस्तित्व र पारस्परिक अन्तर-सम्बन्धबाट उन्नत भएको विविधतापूर्ण मानव सभ्यता र संस्कृतिलाई आठ दशकमै जगैदेखि हल्लाइदियो । अहिले विकसित हुनु भनेको औद्योगिक विकासको जस्ताको तस्तै नक्कल गर्नु हो भन्ने आम मान्यता स्थापित भएको छ । यसले उपनिवेश र प्रभुत्वमा आधारित मूलतः औद्योगिक विकासको ढाँचा मात्र ठिक र अरू सबै प्रचुरता, विविधता र समताका मूल मर्ममा आधारित समाज, सभ्यता र संस्कृति बेठीक भन्ने परनिर्भर मानसिकताको लघुताभास थोपरेको छ ।

यसरी रातारात अविकासे र पाखेमा दरिएका सामाजिक तथा राजनैतिक अगुवाले आफ्नै समाजको प्रकृतिसम्मत जीवन प्रणालीलाई पछौटे देखे । यसको सबैभन्दा ठूलो असर जीवनको मुख्य आधार कृषिकर्ममा पऱ्यो । आफ्नै विशेषताको बोध समेत गुमाएका यस्ता अगुवाको औद्योगिक विकासे अन्धभक्तिले थोपरेको आयातित विचारले धेरै मानिसको प्रकृतिसम्मत कृषि कर्मको विवेकमा समेत ग्रहण लाग्यो । यी सबै कुराले रैथाने कृषि कर्मको अपहेलना मात्र गरेन समग्र कृषि क्षेत्रको औद्योगीकरण र व्यापारीकरणलाई नाफा कमाउने एकमात्र सूत्र बनाउँदै यसका व्यापारीलाई व्यावसायीकरणको प्रमाणपत्र थमायो । यो व्यावसायिक भनिने खनिज स्रोत, कृत्रिम रसायन, विषादी, हर्मोन, प्लास्टिक र नपुंसक बीउ र ब्याडमा आधारित बजारमुखी कृषि नै अहिले भनिने विकासे कृषि हो । यस्तो कृषि अपनाएको शताब्दी नहुँदै १० हजार वर्षदेखि उन्नत हुँदै आएको कृषि क्षेत्रले संकटको सामना गरिरहेको छ । अहिले देखिएका जलवायु परिवर्तन, माटो र मानिसको स्वास्थ्य जटिलता यसैका परिणाम हुन् । जलवायु परिवर्तन, जैविक विविधताको नाश त सतहमा आएका र देखिएका प्रभाव मात्र हुन् । यसका केही नमूना खडेरी, डढेलो, बाढी, तापक्रम वृद्धि जस्ता कुराबाट आकलन गर्न सकिन्छ । आम मानिसको जीवनमा देखिने यसका असर र यसले निम्त्याउने संकट भयावह छन् ।

यी सबै कुराले, अहिले प्रकृति र समाज दुवै नै संकटग्रस्त बन्दै गइरहेको छ । प्रकृति दोहन, जैविक विविधताको नाश, वातावरणीय ह्रास, जलवायु परिवर्तन, माटो तथा मानव स्वास्थ्य र खाद्य संकटको भयावह रूप विश्वव्यापी रूपमा प्रकट भइरहेको छ । अहिले मानव सभ्यताको भविष्य नै अन्योलग्रस्त भएको छ । जलवायु परिवर्तनका कारण निरन्तर बढ्दो जैविक विविधताको ह्रास कहालीलाग्दो छ । अध्येताहरूको खोजलाई प्रामाणिक तथ्य मान्ने हो भने यस पृथ्वीका प्रजातिमध्ये ४० प्रतिशतको विनाश भइसकेको छ र यो क्रम तापक्रम वृद्धि, हावापानीको प्रदूषण मौसममा आएको अनपेक्षित फेरबदलसँगै तीव्र रूपमा बढिरहेको छ । हावापानी चक्रमा आएको फेरबदलले खडेरी, बाढी पहिरो, डुबान जस्ता समस्या वर्षेनि बढ्दै गएका छन् । यसमाथि, समुद्धिक्क नाममा भइरहेका उत्ताउला विकासे संरचनाले प्राकृतिक लय बिगार्दा ठूलो जनधनको क्षति भइरहेको छ ।

आधुनिक हुने नाममा थोपरिएको औद्योगिक भनिने कृत्रिम रसायन र विषादीमा आधारित व्यापारिक कृषिले माटो र मानव स्वास्थ्य तहसनहस भइरहेको छ । उर्वरशील जीवित माटो कृत्रिम रसायनका भरमा धिकिर धिकिर गर्दै प्राण धानेको छ । यो मरुभूमिमा परिणत हुने प्रतीक्षामा छ । यसको प्राण गयो भने हाम्रो हालत के हुन्छ ? तराई र सम्म मैदानी माटोमा जैविक गतिविधि शून्य हुँदै गएको छ । निरन्तरको बाध्यकारी श्रम पलायनले सजिलो खेती भन्दै गरिएका खेती प्रविधिले माटोको जैविक प्रक्रिया र विविधता दुवै तहसनहस भएको छ । यन्त्रमा आधारित एकल खेतीले जैविक विविधता र माटोको जीवन तत्व ह्रास हुँदै गएको छ ।

यिनको नकारात्मक प्रभावसँगै प्रकृतिसम्मत खेतीपाती उपेक्षित भएको मात्र छैन, कृत्रिम रसायन र विषादीले आक्रान्त भएको छ । किसानले बाह्य स्रोतमा आधारित खेतीकर्म धान्न नसकेर खेतबारी छोडेर शहर र बाह्य मुलुकमा रोजगारी र आम्दानीको खोजी गर्न बाध्य भएका छन् । परिणामतः प्लाष्टिक पोका, प्लाष्टिककै बोतल र बङ्गमा पत्रु पिउने र खानेकुरा, तरकारी, फलफूल, गेडागुडी, तेल र अन्य अन्नपात आयातित भइरहेको छ । भइरहेको खेतीपाती विषाक्त छ भने आयातित खानेकुरा अखाद्य र पत्रु छ । विषाक्त र पत्रु खानाले पोषण र स्वास्थ्यमा जे भइरहेको छ, त्यो खोपामा राखेको चक्कीदेखि अस्पतालका पर्चासम्मले प्रस्ट देखाउँछ । नसर्ने दीर्घ रोगका समस्याले आक्रान्त घरपरि वार, आफ्नतसँगै समाज भयभीत र आतंकित छ । अस्पतालको भीडभित्र लुकेको आम मानिसका पीडाले सबै कुरा ओकलिरहेको छ । खाना र खेतीपातीको दुरुह अवस्था र यसका अन्तरनिहित कारणले समाजको समग्र चेतनामाथि गम्भीर प्रश्न उठिरहेको छ । परनिर्भर खाना र खेतीपातीले हाम्रो आत्मसम्मान, स्वाभिमान र आत्मनिर्भरता तथा खाद्य सुरक्षाको हैसियत उदांगो भएको छ । सारमा कृषिका नैतिक मूल्यमान्यताको नियतवश गरिएको निषेध नै आजको कृषिको मूल संकट हो ।

यसलाई नसच्याएसम्म टाउकाले टेकेर घिसिरहेको नाफामुखी औद्योगिक कृषि हाम्रो जीवनमा थप दुर्घटना निम्त्याउन पर्खेर बसेको छ । यो कुराको समयमै हेक्का नराखे आउने दिनहरू अझ कष्टकर हुने निश्चित छ । यी सबै कुराले हामी सबैलाई केही आधारभूत प्रश्नमा गम्भीरतापूर्वक चिन्तनमनन् गर्न दबाब बढिरहेको छ । किन हामी खानाका लागि गरिने खेतीपाती जस्तो आधारभूत प्रश्नमा विचार गर्ने विवेक गुमाउँदै एएका छौं ? किन हामी विषाक्त खाना र खेतीपाती प्रवर्धनको प्रतिवाद गर्न स्थानीय स्तरमा यसलाई सच्याउन हिच्किचाइरहेका छौं ? किन विषाक्त खाना र खेतीपातीले निम्त्याएका नसर्ने दीर्घरोगको विकराल समस्या नभए झैं गरेर टक्टकिइरहेका छौं ?

यी सामान्य प्रश्नको जवाफ खोज्ने र जवाफदेही लिनुपर्ने जिम्मेवार कर्ताहरू यी सबैबाट बेखबर बन्दै कुम्भकर्ण जस्तै निद्रामा छन् । व्यापारिक विषाक्त कृषिका प्रवर्तक यही मौनताको आडमा हाम्रो भविष्यमाथि खेलवाड गरिरहेका छन् । यिनैको मानो पचाएर गुजारा चलाउने जमात यिनैले थोपरेका कुतर्कको अन्धभक्त दास भएर यिनैका भजन गाइरहेका छन् । आम मानिस असुरक्षित र आतंकित हुँदै अन्योलमा बाँच्न विवश छन् ।

अन्त्यमा, यी सबैलाई फर्केर हेर्ने र सच्याउन नसके अहिलेका संकटको सामना गर्न सकिदैन । यसका लागि दिगो खेतीपाती प्रणालीको मार्गचित्र बनाउँदै स्थानीय विशेषतामा आधारित रैथाने खाद्य उपजलाई प्रवर्द्धन गरी खाना, रोजगारी र आम्दानी बढाउने र तुलनात्मक लाभका कृषि उपजको प्रवर्द्धन गरी खाना, रोजगारी र आम्दानी बढाउनका लागि हाम्रो मौलिक कृषि प्रणालीलाई अझ उन्नत बनाउनुको अर्को विकल्प छैन । यसको सुरुवातले हाम्रो प्रकृतिसम्मत विवेक फर्काउँदै जीवनका अन्य आयाममा हामीले बिराएको बाटो सच्याउने विवेक सँगसँगै उजागर हुँदै जान्छ । तसर्थ, खेतीकर्ममा आफ्नै र अरूको समेत विवेक फर्काउन लागौं । यो नै उन्नत भविष्यको एकमात्र बाटो हो ।

(साभारः अनलाइनखबर)

राप्रपा नेपाल र राप्रपा एकताको आवश्यकता

✍ तेजकुमार कुरुम्बाङ

भ्रष्टाचार नियन्त्रण गर्न गठित निकायहरुमा पार्टी कार्यकर्ता र शुभचिन्तकहरु नियुक्त गर्ने गरिएको छ । यी निकायका पदाधिकारीहरुले पार्टीका नेताहरुको मुख हेरेर वा इशारामा निर्णय गर्ने गरेको देखिन्छ । यसै मेसोमा भन्नुपर्दा महँगी हुनुमा जसको आयस्रोत शून्य छ, त्यो व्यक्तिले महँगी भयो भनेर दुखेसो गर्नु व्यर्थ छ । किनभने यो देशका ठूला पार्टीहरुले ल्याएको गणतन्त्र १८ वर्षको पुग्यो । आजसम्म यिनले गरिबको बारेमा कुनै कुरै सोचेनन् ।

दिनदिनै महँगी बढिरहेको छ, यो पनि उनीहरुले कहिल्यै सोचेनन् । देश विदेशी आयातमा भर पर्नुपरिरहेको छ । अर्को कुरा देशमा कृषिमा काम गर्ने होनाहार युवाहरु लाखौंलाख विदेशिएका छन् । त्यसकारण कसले खेती गर्छ र उत्पादन हुनु ? आफ्नो देशमा उत्पादन नहुने भएपछि देशमा महँगी बढेको हो । महँगी नियन्त्रण गर्ने सरकारी निकाय पनि जिम्मेवार देखिँदैनन् । राप्रपा नेपालले आफ्ना एजेन्डा स्थापित गर्न विभिन्न चरणका कार्यक्रमहरु निरन्तररुपमा गरि रहेको छ । हामी जनतामाझ छौं । जनताकै घरदैलोमा पुगिरहेकै छौं । गत निर्वाचनमा प्राविधिक कारणले हाम्रो पार्टीले कम मत पाएको शरणार्थी काण्ड घटाए ।

यिनले ३८ किलो सुन काण्ड घटाए, यिनले गिरी बन्धु टी स्टेट काण्ड घटाए, ललिता निवास काण्ड घटाए । तर दुःखको कुरा यी काण्डमा मुछिएकाहरु क्रमशः चोखिँदै गए । विभिन्न बहानाले यी काण्ड ढाकछोप गरिरहेका छन् । त्यसैले अब गणतन्त्रवादीको हातबाट देश मुक्त भएन भने देश स्वाभिमानी र स्वतन्त्र रहन सक्ने अवस्था छैन । अस्थियार मात्र होइन, भ्रष्टाचार नियन्त्रण गर्ने अरु निकायहरु पनि देशमा रहेका छन् । तर भ्रष्टाचार नियन्त्रण गर्न नसक्ने संविधानकै प्रावधानहरुले भ्रष्टाचारीहरुले उन्मुक्ति पाइरहेका छन् । अस्थियारले पनि कानुनी बाध्यताले केही गर्न नसकेको देखिन्छ । हालको गणतान्त्रिक संविधानले भ्रष्टाचार नियन्त्रणका लागि गठित अस्थियारदेखि सम्पूर्ण भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरुलाई बधिंको छ ।

भ्रष्टाचार नियन्त्रण गर्न गठित निकायहरुमा पार्टी कार्यकर्ता र शुभचिन्तकहरु नियुक्त गर्ने गरिएको छ । यी निकायका पदाधिकारीहरुले पार्टीका नेताहरुको मुख हेरेर वा इशारामा निर्णय गर्ने गरेको देखिन्छ । यसै मेसोमा भन्नुपर्दा महँगी हुनुमा जसको आयस्रोत शून्य छ, त्यो व्यक्तिले महँगी भयो भनेर दुखेसो गर्नु व्यर्थ छ । किनभने यो देशका ठूला पार्टीहरुले ल्याएको गणतन्त्र १८ वर्षको पुग्यो । आजसम्म यिनले गरिबको बारेमा कुनै कुरै सोचेनन् ।

दिनदिनै महँगी बढिरहेको छ, यो पनि उनीहरुले कहिल्यै सोचेनन् । देश विदेशी आयातमा भर पर्नुपरिरहेको छ । अर्को कुरा देशमा कृषिमा काम गर्ने होनाहार युवाहरु लाखौंलाख विदेशिएका छन् । त्यसकारण कसले खेती गर्छ र उत्पादन हुनु ? आफ्नो देशमा उत्पादन नहुने भएपछि देशमा महँगी बढेको हो । महँगी नियन्त्रण गर्ने सरकारी निकाय पनि जिम्मेवार देखिँदैनन् । राप्रपा नेपालले आफ्ना एजेन्डा स्थापित गर्न विभिन्न चरणका कार्यक्रमहरु निरन्तररुपमा गरि रहेको छ । हामी जनतामाझ छौं । जनताकै घरदैलोमा पुगिरहेकै छौं । गत निर्वाचनमा प्राविधिक कारणले हाम्रो पार्टीले कम मत पाएको देखिए पनि अहिले त्यो अवस्था छैन । हामी आसन्न उपनिर्वाचनको तयारी क्रममा छौं । तर राप्रपा नेपाल मतपेटिकाबाट व्यवस्था परिवर्तन गर्न सकिन्छ भन्ने कुरामा विश्वास राख्दैन । र, हामी अब हुने केन्द्रीय कार्य समितिको बैठकपछि 'भ्रष्ट व्यवस्था परिवर्तनको लागि आन्दोलन, आन्दोलनको लागि राप्रपा नेपालको संगठन' भन्ने मूल नारको ब्यानर लिएर जनताको घर-घर, टोल-टोल, क्षेत्र-क्षेत्र, जिल्ला-जिल्ला पुगी शान्तिपूर्ण आन्दोलनको लागि संगठन मजबुत बनाएर राजधानी काठमाडौंमा प्रदर्शन गर्ने तयारीमा छौं ।

जनप्रदर्शन तथा आन्दोलनबाटै गणतन्त्र स्थापना भएकाले गणतन्त्रलाई फाल्न तथा विस्थापित गर्न हामी पनि राजधानीमा शान्तिपूर्ण आन्दोलन गर्ने र आन्दोलनबाटै राजसंस्था फर्काउने लक्ष्यमा छौं । २०८४ भन्दाअगावै व्यवस्था परिवर्तन हुने कुरामा नेपाली जनतालाई विश्वस्त पार्न चाहन्छौं र आन्दोलनमा साथ दिन अपिल गर्दछौं । राप्रपा नेपाल जन्मनुको कारण २०६१ माघ १९ को शाही कदमको समर्थन गर्ने र नगर्नेको कुरा मतभेद हुँदा भएको हो । राप्रपाले शाही कदमलाई अस्वीकार गरेपछि बाध्यतावश कमल थापाले राप्रपा नेपाल स्थापना गर्नुभएको हो ।

त्यो अहिले पनि कायम छ । यही राप्रपा नेपालको गणतन्त्रभन्दा फरक विचारहरु संवैधानिक राजसंस्था, धर्म सापेक्ष हिन्दुराष्ट्र र प्रदेश खारेजीको प्रमुख एजेन्डा अहिले पनि कायम छ । तिनै एजेन्डाका कारण राप्रपा नेपालले २०७० को संविधानसभा चुनावमा २५ सिट पाएकै हो । जनताले राप्रपा नेपाललाई मन पराएकै हो । राप्रपाले त्यो समयमा ११ सिट ल्याउँदा राप्रपा नेपालले २५ सिट प्राप्त गरी देशको चौथो पार्टी भएपछि ११ सिटको राप्रपा र २५ सिटको राप्रपा नेपाल एकीकरण भयो । यो एकीकरणपछि विभिन्न आरोह-अवरोह आए ।

बीचमा २५ सिट प्राप्त राप्रपा नेपाललाई छायामा पारियो र पुनः २०७८ फागुन ७ गते राप्रपा नेपाललाई ब्युँताएर हामी अगाडि बढिरहेको कुरा सबैलाई थाहा भएकै हो । राप्रपा नेपाल र राप्रपा मिल्ने कुराभन्दा पनि पहिला राप्रपा नेपालको एजेन्डा र विचार मिल्ने अरु अभियन्तालाई मोर्चाबन्दी गरी अगाडि बढ्न चाहन्छौं । यो व्यवस्थालाई विस्थापित गर्न राप्रपा र राप्रपा नेपालले जुनसुकै मूल्य चुकाउन तयार रहनुपर्छ । जति सक्दो चाँडो राप्रपा र राप्रपा नेपाल एक हुने कुरामा दुईमत छैन । दुवै पार्टीका नेता-कार्यकर्ताको पनि यही मनसाय रहेको छ । राप्रपा नेपालको बटम लाइन पनि यही हो । यो देशका जनताले वर्तमान व्यवस्थाबाट सृजित समस्याहरुले दुःख भोग्नुपरिरहेको छ । त्यसैले जति सक्दो चाँडो हामी वर्तमान गणतान्त्रिक व्यवस्था परिवर्तन गर्न चाहन्छौं । यसमा हामीलाई साथ र सहयोग गरिदिनुहोला ।

यो देशमा हरेक बन्ने-बस्ने र विदेशमा रहने-बस्ने 'नेपाली हामी, हाम्रो देश नेपाल' भन्ने गर्व गर्न सक्ने राष्ट्रवादी नेपाली नागरिक एकठाउँमा आउन ढिला हुन लागेको छ । समयको मूल्य बुझ्न सकेनौं भने हामीले पछि झन् दुःख व्यहोर्नुपर्नेछ र हाम्रा सन्ततिले सराप्नेछन् ।

(साभारः न्यूज अफ नेपाल)

एउटा दुर्लभ परम्परा, जसले युगौंदेखि जोडिरहेको छ नेपाल र भारतका सैनिकलाई

काठमाडौं/भारतीय स्थल सेनाका प्रमुख जनरल उपेन्द्र द्विवेदी नेपाली सेनाको मानार्थ महारथी बनेका छन् । जंगीअड्डाको अभिलेख अनुसार भारतीय सेनाध्यक्ष द्विवेदी नेपाली सेनाको मानार्थ महारथीको सम्मान पाउने २० औं भारतीय सैन्य अधिकारी हुन् ।

बुधबार अपराह्न २:०५ बजे भारतीय वायु सेवाको विमान मार्फत काठमाडौं आइपुगेका द्विवेदीलाई नेपाली सेनाका युद्धकार्य महानिर्देशक उपरथी प्रेमध्वज अधिकारीले स्वागत गरे । उनले साँझ ऐतिहासिक सम्पदाको भ्रमणसँगै पशुपति मन्दिरको दर्शन पनि गरे । नेपाली सेनाले उपलब्ध गराएको विवरण अनुसार सन् १९५० देखि एकअर्काको देशमा मानार्थ जनरलको सम्मान दिने चलन रही आएको छ । यद्यपि, सैनिक इतिहासका जानकारहरु त्यसअघिबाटै यस्ता किसिमका मानार्थ पदवी दिने प्रचलन रही आएको बताउँछन् ।

सेनाका अवकाश प्राप्त सहायक रथी प्रेमसिंह बस्यातको दाबीअनुसार राणा प्रधानमन्त्री वीर शमशेरको पालाबाटै मानार्थ पदवी दिएर सम्मान गर्ने परम्परा सुरुवात् भएको हो । उनका अनुसार तत्कालीन ब्रिटिस इन्डियाले गोर्खा सैनिकलाई आफ्नो मातहतमा काम गराउनका लागि प्रोत्साहन स्वरुप मानार्थको सम्मान दिने चलन सुरु गरेको थियो । त्यसबेला मानार्थ महासेनानी दर्जाबाट सम्मान दिन थालिएको इतिहास छ ।

राणा शासनका बेला जंगबहादुर राणा, रणोद्वीप सिंह लगायतले गोर्खालीलाई मुगलान जान निरुत्साहित गर्ने नीति लिएको जानकारहरुको भनाइ छ । वीर शमशेरका पालाबाट भने ब्रिटिस इन्डियाले सम्मानको प्रलोभन देखाएर विदेशी भर्तीमा लैजान थालेको उनको भनाइ छ । दोस्रो विश्वयुद्धको अन्त्यपछि २४ अक्टोबर १९४५ मा नेपाल भ्रमण गरेका बेलामा ब्रिटिस इन्डियाको तर्फबाट सेना प्रमुख सर क्लाउडेलाई पहिलो पटक मानार्थ जर्नेलको सम्मान दिइएको इतिहासविदहरु बताउँछन् । उनीहरुका अनुसार तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शमशेरले उनलाई मानार्थ जनरलको दर्ज्यानी चिह्न प्रदान गरेका थिए ।

जंगीअड्डाको अभिलेखले पनि भारत स्वतन्त्र हुनुअगावैबाट नेपाल र भारतका सैनिकबीच एकअर्काको देशमा भ्रमण गर्ने कार्यको सुरुवात भइसकेको देखाउँछ । मानार्थको सम्मान दिने प्रचलनको इतिहासबारे विभिन्न खालका दाबी भेटिए पनि ब्रिटिस इन्डियाकै समयबाट यस्तो अभ्यास हुने गरेकोमा अधिकांश सैन्य इतिहासका जानकारहरु

एकमत छन् । त्यसबेला यसको उद्देश्य गोर्खालीलाई 'लाहुर'मा लैजानु भए पनि हाल भारतले सुरक्षा रणनीतिका कारण यसलाई महत्त्व दिने गरेको छ ।

जंगीअड्डा पुस्तकका लेखक एवं सैनिक इतिहासका जानकार मोहन थापा मानार्थको सम्मान दिने चलन ब्रिटिसै पालाबाट भएको देखिए पनि एकअर्काको देशमा सेना प्रमुखलाई मानार्थ जनरलको पदवी दिने परम्पराले भारत स्वतन्त्र भएपछि नै निरन्तरता पाएको टिप्पणी गर्छन् । 'भारत स्वतन्त्र भएपछि १० गोर्खा रेजिमेन्टमध्ये ६ वटालाई भारतीय सेनामा हस्तान्तरण गर्ने व्यवस्था गरिएको थियो', थापाले भने, 'यसपछि स्वतन्त्र भारतले पनि नेपालसँग ब्रिटिसले जस्तै अलग्गै सम्बन्ध राख्न चाहूयो र एकअर्काको देशमा सेना प्रमुखलाई सम्मान दिन चलन सुरु भयो ।'

नेपाली सेनाले पनि यस प्रकारको चलनले छिमेकी राष्ट्र बीचको आपसी सम्मान र पारस्परिक विश्वासलाई प्रतिबिम्बित गर्ने बताउँदै परम्परागत चलनलाई निरन्तरता दिँदै आएको छ । यद्यपि, राजनीतिक वृत्त र नागरिक सरबाट यो परम्पराभाथि बेलाबखत पुनर्विचार गर्नुपर्ने आवाजसमेत उठ्ने गरेको छ ।

नाकाबन्दीका बेला दिइएन सम्मान

जंगीअड्डाद्वारा उपलब्ध अभिलेख अनुसार मानार्थ महारथीको दर्ज्यानी चिह्नन दिने परम्पराको सुरुवात सन् १९५० देखि भएको हो । तत्कालीन भारतीय सेनाध्यक्ष जनरल केएम करिअप्पाले नेपालमा आएर पहिलो पटक मानार्थ जनरलको सम्मान लिएका थिए । त्यसपछि भारतबाट सेनाध्यक्ष राजेन्द्र सिंहजी जडेजा, सत्यवन्त मल्लना (एसएम) श्रीनागेस, तपीश्वर नारायण रैना, ओम प्रकाश मलहोत्रा, के वी कृष्ण राव, अरुण श्रीधर वैद्य, सुनीत फ्रांसिस रोड्रिग्स र शंकर राय चौधरीले यो सम्मान पाएका छन् ।

त्यस्तै, वेद प्रकाश मलिक, सुन्दरराजन पद्मनाभन, निर्मल चन्द्र विज, दीपक कपूर, विजय कुमार सिंह, बिक्रम सिंह, दलबीर सिंह सहाग, विपीन रावत, मनोज मुकुन्द नरवाणे, मनोज पंडे र द्विवेदी गरी २० जनाले मानार्थ सेना प्रमुखको सम्मान लिइसकेका छन् । नेपालबाट सन् १९६९ मा प्रधानसेनापति सुरेन्द्रबहादुर शाहले पहिलो पटक भारतीय सेनाको मानार्थ जनरलको दर्ज्यानी चिह्न पाएका थिए ।

त्यसयता सिंहबहादुर बस्न्यात, गुण शमशेर जबरा, सिंहप्रताप शाह, अर्जुननरसिंह राणा, गडुल शमशेर जबरा, धर्मपालवर सिंह थापा, प्रज्वल शमशेर जबरा, प्यारजंग थापा, रूक्माङ्गद कटवाल, छत्रमानसिंह गुरुङ, गौरवशमशेर जबरा, राजेन्द्र क्षत्री, पूर्णचन्द्र थापा र प्रभुराम शर्मा गरी १५ जनाले मानार्थ महारथीको सम्मान पाइसकेका छन् । हालका प्रधानसेनापति अशोकराज सिग्देलले यसपछि भारत भ्रमण गरेर भारतीय सेनाको मानार्थ जनरलको सम्मान लिनेछन् ।

नेपाली सेनाका अवकाश प्राप्त उपरथी विनोज बस्न्यातका अनुसार मानार्थ महारथीको सम्मान दिने परम्पराले दुई देशबीच घनिष्ठ सम्बन्ध रहेको देखाउँछ । यो सैन्य मात्र नभइ, राजनीतिक सम्बन्ध समेत सुमधुर रहेको संकेत भएको उनको भनाइ छ । दुई मुलुकबीच सम्बन्ध अफ्ठ्यारो परिस्थितिमा भएका बेला भने यो सम्मानलाई स्थगित गरिएको इतिहास छ ।

जंगीअड्डाका अनुसार २०४५ सालमा भारतले बाणिज्य तथा पारबहन सन्धिको नवीकरण समय सकिएको भन्दै घुमाउरो पारामा नाकाबन्दी लगाएपछि नेपालका प्रधानसेनापति सच्चितशमशेर जबरा भारत गएका थिएनन् । खासमा त्यसबेला नेपालले चीनबाट आफूलाई चाहिने साना हतियार र विमानभेदी हतियार (एन्टीएयर क्राफ्ट गन) ल्याएपछि भारत रिसाएको थियो । नेपालमा ०४६ को जनआन्दोलन सफल नहँदासम्म भारतीय नाकाबन्दी जारी नै थियो ।

त्यो प्रकरणपछि भारतका तत्कालीन सेनाध्यक्ष जनरल जोगिन्दर जसवन्त (जेजे) सिंहलाई पनि मानार्थ सेना प्रमुखको सम्मान थाप्न निमन्त्रणा दिइएन । भारतीय सेनाध्यक्ष मनोज मुकुन्द नरवाणेलाई २०२२ मा मानार्थ महारथीको सम्मान दिने बेला समेत उनलाई निमन्त्रणा दिनु नहुने आवाज उठेको थियो ।

उनले कालापानी, लिपुलेकको भूमि समेट्दै नेपालले नयाँ नक्सा जारी गरेपछि 'नेपालले कसैको इसारामा सीमा सम्बन्धी विषय उचालेको' सार्वजनिक टिप्पणी गरेका थिए । त्यसपछि नरवाणेको नेपालमा आलोचना भएको थियो । स्रोतका अनुसार, त्यसबेला तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पनि उनलाई मानार्थको सम्मान लिन नबोलाउने अडान राखेका थिए ।

दिल्ली देइराउनुमा 'भारतीय सैनिक एकडेमी'को एक कार्यक्रममा नरवाणेले त्यस अभिव्यक्ति सच्याएपछि उनलाई नेपाल भ्रमणमा बोलाइएको त्यसबेलाका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले एक अन्तरवार्तामा भनेका थिए । यति हुँदाहुँदै पनि सेनाध्यक्ष नरवाणे काठमाडौं आउँदा नागरिकस्तरबाट भने चर्को आलोचना भएको थियो । माइतीघरमा २१ दलीय मोर्चाको नाममा भेला भएका केही व्यक्तिले नरवाणे भ्रमणको विरोधमा प्रदर्शन गरेका थिए । उनलाई लक्षित गर्दै कालो झण्डा देखाएको आरोपमा केही पक्राउ परे ।

मानार्थ जनरलको सम्मान दिनुको अर्थ

नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीका अनुसार यस किसिमको परम्पराले दुई देशबीच रहेको सम्बन्धलाई प्रगाढ र सुदृढ बनाउन भूमिका खेल्छ । अवकाश प्राप्त प्रधानसेनापति राजेन्द्र क्षेत्री नेपाल र भारतबीच संसारका अन्य कुनै मुलुकमा नभएको फरक परम्परा रहँदै आएको बताउँछन् । 'यसले दुई मुलुकबीचको फरक र विशिष्ट सम्बन्धलाई प्रतिबिम्बित गर्छ', उनले संचारकर्मीसँग भने, 'कुनै क्राइसिसको अवस्था आउँदा समेत यस किसिमको सैनिक सम्बन्धले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।'

२०७२ सालमा भारतले लगाएको नाकाबन्दी हटाउन पनि सैनिक कुटनीतिले महत्त्वपूर्ण भूमिका खेलेको बताइन्छ । यस्तोमा यो परम्पराले दुई देशका सेना सधैं एकैठाउँमा छन् भन्ने सन्देश जाने जानकारहरु बताउँछन् । दुई देशमा मानार्थ सेना प्रमुखको सम्मान दिने चलनले देशलाई शान्ति र सुरक्षाको दृष्टिकोणबाट सकारात्मक भूमिका खेल्न मद्दत गर्ने उनीहरुको भनाइ छ । भारतीय सेनाका अवकाश प्राप्त मेजर जनरल अशोक मेहता पनि एउटा देशमा अर्को मुलुकको सैनिक मानार्थ जनरल हुने परम्परा नेपाल र भारतबाहेक अन्यत्र काहीं नभएको बताउँछन् ।

'कतिसम्म भने भारतका प्रधानमन्त्री नरेन्द्र मोदी काठमाडौं आएका बेला पनि उहाँले भारतले कुनै पनि यस्तो युद्ध लडेको छैन, जसमा नेपाली रगत बगेको छैन भन्नुभएको थियो', उनले संचारकर्मीसँग भने, 'यस्तोमा मानार्थ जनरलको सम्मान दिने प्रचलन आफैंमा विशिष्ट प्रकृतिको छ ।'

पछिल्लो समय भारतले सुरक्षा रणनीतिका कारण पनि सैन्य कुटनीतिलाई थप बलियो बनाउन यो परम्परालाई निरन्तरता दिइरहेको छ । पछिल्लो परिवेशमा यसको महत्व झनै बढिरहेको विज्ञहरु बताउँछन् । पाकिस्तानबाट नेपाल हुँदै भारतविरुद्ध गतिविधि हुने गरेको भारतीय अधिकारीहरुले पटकपटक दाबी गर्ने गरेका छन् । खुला सीमा रहेको अवस्थामा नेपालको सुरक्षा स्थिति मजबुत नभए भारतलाई सुरक्षाको हिसाबले चुनौति हुने उसको विश्लेषण छ । त्यसैले भारतले सुमधुर सैन्य कूटनीतिलाई जोड दिइरहेको हो ।

सुरक्षाविद् इन्द्र अधिकारीका अनुसार, भारतले नेपालको सुरक्षा कमजोर हुनु आफ्नो लागि चुनौति ठान्छ । र, नेपालको सुरक्षा मजबुत बनाउन योगदान गर्न सके आफू समेत सुरक्षित हुने बुझाइ अनुरुप सैन्य कूटनीतिलाई बलियो बनाउन चाहन्छ । अर्थात्, एकअर्काको देशमा मानार्थ जनरलको सम्मान दिने परम्पराले दुवै देशलाई रणनीतिक हिसाबले फाइदा गरिरहेको हुँदा यो परम्पराले निरन्तरता पाइरहेको छ ।

(स्रोत: अनलाइनखबर)

फेरि 'सिलसिला' बन्ने, हुने छैनन् विराज र रेखा

काठमाडौं/२०६६ सालमा प्रदर्शनमा आएको फिल्म 'सिलसिला'ले ठूलो व्यावसायिक सफलता हासिल गरेको थियो । केही हलमा ८६ दिन त केहीमा १ सय २५ दिनसम्म फिल्म चलेको थियो । र, यसमा समावेश 'सागर सरी' बोलको गीत उतिक्कै लोकप्रिय बनेको थियो । अब एकपटक फेरि 'सिलसिला' शीर्षकमा फिल्म निर्माण हुने भएको छ । नरेश पौड्यालको निर्देशनमा फिल्म बन्न लागेको हो ।

आगामी माघ २१ गते चितवनमा शुभ मुहूर्त गरेर फिल्मको छायांकन सुरु हुने निर्देशक पौड्यालले जानकारी दिए । उनका अनुसार, चितवन र मकवानपुर क्षेत्रमा ४५ दिनसम्म फिल्मको छायांकन हुनेछ । २०८२ सालमा रिलिज लक्ष्य राखिएको फिल्मलाई सूर्य श्रेष्ठले निर्माण गर्नेछन् । फिल्म एक्सन-लभस्टोरी कथामा निर्माण हुनेछ ।

फिल्ममा कलाकारहरु भने निश्चित भइसकेका छैनन् । अहिले केही कलाकारहरुसँग अन्तिम चरणको छलफल भइरहेको निर्देशक पौड्यालले बताए । उनका अनुसार,



फिल्ममा नयाँ र चल्तीका कलाकार हरुको मिश्रण रहनेछ । तर, यसमा पहिलो 'सिलसिला'का मुख्य अभिनेता विराज भट्ट र अभिनेत्री रेखा थापा भने हुने छैनन् । फिल्ममा निर्देशक पौड्याल स्वयंको लेखन रहेको छ ।

दुई वर्षअघि निर्देशक पौड्यालले 'धड्कन २' बनाउने घोषणा गरेका थिए । त्यसका लागि अभिनेत्री सञ्चिता लुईटेलसहित अन्य केही कलाकारसँग सम्झौता समेत भइसकेको थियो । तर, अब यो फिल्मभन्दा अगाडि पौड्यालले 'सिलसिला' बनाउनेछन् । यो फिल्म रिलिजपछि 'धड्कन २' निर्माण गरिने उनले बताए । यसको स्क्रिप्ट तयार नै रहेको उनको भनाई छ ।

नरेश पौड्याल कुनै बेलाका सफल निर्देशक हुन् । उनको निर्देशनमा बनेका 'हिरो', 'धड्कन', 'अभिमन्यू' जस्ता फिल्म सफल मानिन्छन् । पछिल्लो पटक उनले सन् २०१० मा 'दीप शिखा' निर्देशन गरेका थिए । यसपछि उनी अभिनयमा बढी सक्रिय भए । अब 'सिलसिला'बाट १४ वर्षपछि उनी निर्देशनमा फर्किंदैछन् । उनले दुई दर्जनभन्दा बढी फिल्ममा अभिनय गरिसकेका छन् ।

'अग्निदहन' प्रिमियिर : 'बोक्सी कुप्रथाविरुद्धको सशक्त आवाज'

काठमाडौं/बोक्सी कुप्रथाविरुद्धको कथामा आधारित भएर बनेको फिल्म 'अग्निदहन' शुक्रबार (मंसिर ७ गते)बाट प्रदर्शनमा आउँदैछ । प्रदर्शनको पूर्वसन्ध्यामा बुधबार काठमाडौंमा फिल्मको प्रिमियर राखिएको थियो । सुन्धारास्थित सिभिल मलको क्यूएफएक्स हलमा आयोजित प्रिमियरमा फिल्मले उठाएको कथावस्तुको सबैभन्दा बढी प्रशंसा भयो ।

'परदेशी' श्रृंखलाका निर्देशक तथा लोकगायक नारायण रायमाझीले नेपालको दूरदराजमा अझै पनि बोक्सी कुप्रथा कायम रहेकाले यस्ता विषयमा धेरै फिल्म बन्नुपर्ने धारणा व्यक्त गरे । 'समाजमा व्याप्त अन्धविश्वास र कुरीतिलाई चिर्न यस्ता कथामा अझै धेरै फिल्म बन्नुपर्छ,' उनले भने, 'फिल्मले उठाएको कथावस्तु एकदमै राम्रो छ । र, कथालाई फिल्मले न्याय गरेको छ ।'

निर्देशक तथा कलाकार नरेश पौडेलले फिल्मले सामाजिक कुरुतीविरुद्ध विद्रोही प्रहार गरेको बताए । 'समाजमा कुनै पनि कुरा पुऱ्याउन सबैभन्दा प्रभावशाली माध्यम फिल्म नै हो । र, यो माध्यमबाट समाजमा रहेको कुरितीमाथि 'अग्निदहन'ले विद्रोही प्रहार गरेको छ । नयाँ भए पनि कलाकारहरुको काम राम्रो छ,' उनले भने ।

अर्का कलाकार वीरेन श्रेष्ठले मान्छेको सोचले उसलाई कुन हदसम्म पुऱ्याउँछ भन्ने कुरालाई

फिल्मले प्रष्टसित देखाएको बताए । 'पुरानो कथालाई सटिक ढंगले देखाइएको छ । नयाँ भए पनि कलाकारहरुको काम राम्रो छ । मलाई फिल्म त्यस्तो लामो र बोरिङ कहीं महसुस भएन,' उनले भने, 'यो वर्ष नेपाली फिल्म चल्ने जुन लहर देखिएको छ, त्यसमा यसले अर्को इट्टा थप्छ भन्ने लाग्छ ।'

त्यस्तै, कलाकार लोकेन्द्र लेखक 'अग्निदहन'लाई सामाजिक विकृति-विसंगति र खासगरी बोक्सी कुप्रथाविरुद्ध उठाइएको एउटा सशक्त आवाज मान्छन् । 'समाजमा रहेका आफूलाई चेतनशील भन्नेहरुको दिमागमा जुन व्याप्त अचेतना छ, त्यसविरुद्धको आवाज हो यो । म सबैलाई यो फिल्म हेर्न आग्रह गर्छु,' उनले भने, 'खासमा सरकारी निकायले बनाउनुपर्ने फिल्म यो हो ।'

फिल्मका परिकल्पनाकार तथा प्रस्तुतकर्ता कोविदशरण उपाध्यायले बोक्सीको नाममा महिलामाथि कुटपिट गर्ने, मलमूत्र खुवाउने, जिउँदै जलाउने, गाउँ निकाला गर्ने जस्ता जघन्य अपराध र कुप्रथाविरुद्ध सचेतना जगाउन 'अग्निदहन' प्रभावकारी बन्ने विश्वास व्यक्त गरे । उनका अनुसार, फिल्मको ५ सयभन्दा बढी विशेष शो भइसकेका छन् ।

घनश्याम लामिछानेको निर्देशनमा बनेको फिल्ममा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु बास्तोला, ताराबहादुर गुरुङ लगायतको अभिनय छ । यसमा लोकमणि पौडेलको कथा, पटकथा तथा संवाद, दीर्घ गुरुङको छायांकन तथा दीर्घ खड्काको सम्पादन छ । फिल्मलाई चलचित्र विकास बोर्डले 'विशेष चलचित्र अवार्ड' समेत दिइसकेको छ ।

नेपाल एयरलाइन्सले घटायो हवाई भाडा

काठमाडौं/नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले अन्तर्राष्ट्रिय सेक्टरको भाडादरमा छुट दिन थालेको छ । निगमले न्यूनतम २ हजार ५ सयदेखि अधिकतम ५ हजार रुपैयाँसम्म छुट दिन थालेको हो ।

निगमले बिहीबार विज्ञप्ति जारी गरी भारतका नयाँदिल्ली, मुम्बई र बैंगलोर, युनाइटेड अरब इमिरेट्स (यूएई) को दुबई, साउदी अरबको दमाम, मलेसियाको क्वालालम्पुर, हङकङ, थाइल्यान्डको बैंककर जापानको नारिता उडानमा छुट घोषणा गरेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले हवाई भाडादर घटाउन विशेष निर्देशन दिएपछि सबै सेक्टरमा भाडादरमा छुट दिन थालिएको निगमको भनाइ छ । निगमका प्रवक्ता रमेश पौडेलका अनुसार दिल्ली, मुम्बई र बैंगलोरमा प्रतिटिकट २ हजार ५ सय तथा दोहो, दुबई, दमाम, क्वालालम्पुर, हङकङ, बैंकक र नारिताका लागि प्रतिटिकट ५ हजार रुपैयाँसम्म छुट दिइएको छ ।

'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक १० घण्टा बन्द भएपछि हवाई भाडा अत्यधिक बढेको गुनासोपछि भाडामा छुट दिइएको हो,' पौडेलले भने, 'निगमले नियमानुसार उपलब्ध गराएको दर भन्दा बढी मुनाफा लिएर कालोबजारी गरेको पाइए कडा कार बाहीका लागि सप्रमाण जानकारी गराउन आग्रह गर्छौं ।' निगमका अनुसार संस्थागत सामाजिक उत्तर दायित्व अन्तर्गत १ देखि २२ नोभेम्बर २०२४ सम्म डाक्टरको रिपोर्ट र नेपाल क्यान्सर रिलिफ सोसाइटीको सिफारिसमा दिल्लीको दुर्इतर्फी उडानमा ३७ जना क्यान्सर रोगीलाई शतप्रतिशत र ती बिरामीका ३३ कुरुवालाई ५० प्रतिशत छुटमा टिकट उपलब्ध गराइएको छ ।

विद्युत प्राधिकरणको अनियमितता छानबिन गर्न पूर्वन्यायाधीशको नेतृत्वमा समिति गठन

काठमाडौं/मन्त्रिपरिषद्ले नेपाल विद्युत प्राधिकरणमा भएका अनियमितता छानबिन गर्न भन्दै पूर्वन्यायाधीश हरिकुमार पोखरेलको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति बनाउने निर्णय गरेको छ । सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लाल अध्यक्षताको आयोगको प्रतिवेदनमा उल्लेख भएलगायत अन्य विषयहरुको समेत छानबिनका लागि समिति गठन गर्ने निर्णय भएको एक मन्त्रीले संचारकर्मीलाई जानकारी दिए ।

आयोगमा एकजना प्राविधिक कर्मचारी तथा एकजना चार्टर्ड एकाउन्टेन्ट सदस्य रहने निर्णय भएको पनि उनले बताए । साथै, मन्त्रिपरिषद् बैठकले दुई डिआईजीलाई एआईजीमा बढुवा गरेको छ । बिहीबार सिंहदरबारमा बसेको बैठकले बुद्धिराज गुरुङ र केदार ढकाललाई बढुवा गरेको एक मन्त्रीले संचारकर्मीलाई बताए ।

श्रीलंकाका लागि नेपाली राजदूतमा कपिलवस्तुका पूर्णबहादुर नेपालीलाई सिफारिस गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । यसअघि सिफारिस भएका रामकृष्ण भट्टराईको नाम संसदीय सुनुवाइ समितिले अनुमोदन नगरेपछि नेपालीलाई

सिफारिस गरिएको हो । त्यस्तै मन्त्रिपरिषद्ले यसअघि नै गठन भएको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगमा नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष नन्द ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवाल तथा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाललाई नियुक्त गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।

राष्ट्रिय सूचना आयोगको अध्यक्षमा सुरेश आचार्य तथा सदस्यहरुमा गगन विष्ट तथा दुर्गा भण्डारी पौडेललाई नियुक्त गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । त्यस्तै राष्ट्रिय विपद् प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि सिफारिस गर्न गृहसचिव गोकर्णमणि दुवाडीको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । समितिमा पूर्वसचिव दिपक सुवेदी र काठमाडौं विश्वविद्यालयकी सहप्राध्यापक डा. रेश्मा श्रेष्ठ छन् ।

साथै नागरिक बचतपत्र तथा वैदेशिक बचतपत्रको ब्याज तोक्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । टोखा छहरे सुरुंगामार्गको आहवान पत्रमा चीन गएर सम्झौता गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मालाई स्वीकृति दिने निर्णय पनि भएको छ ।

स्वीजरल्यान्डले सुरक्षित आप्रवासनसम्बन्धी दिने सहायता स्वीकार गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । विभुषणहरु व्यवस्थित गर्न समिति गठन गर्ने, सेनालाई हतियार तथा खरखजना किन्न नीतिगत स्वीकृति दिने, धरहरामा सशुल्क पार्किंग गराउन खुला गर्ने भएको पनि ती मन्त्रीले जानकारी दिए । सार्वजनिक खर्च मितव्ययी गराउने मापदण्ड स्वीकृत गर्ने निर्णय भएको पनि उनले बताए ।

'सारङ्गी' र 'ह्रस्व दीर्घ'को दबदबाबीच 'तेल भिसा'ले कति पायो शो ?

काठमाडौं/तिहारको लक्ष्मीपूजाबाट प्रदर्शनमा आएको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को अझै पनि हलमा पकड कमजोर बनेको छैन । कामकाजी दिनमा समेत ७० प्रतिशतसम्म अकुपेन्सी हासिल गरिरहेको छ । यसैले शो पनि धेरैजसो यसैको कब्जामा छ । गत साता प्रदर्शनमा आएको 'ह्रस्व दीर्घ'ले पनि राम्रो व्यापार गरिरहेको छ । यो अवस्थामा भोलि शुक्रबार बाट प्रदर्शनमा आउन लागेको फिल्म 'तेल भिसा'ले पर्याप्त शो पाउनेमा धेरैको आशंका थियो ।

तर, पिन्हलमलाई मल्टीप्लेक्सहरुले राम्रो शो उपलब्ध गराएका छन् । बिहीबार दिउँसो १२ बजेसम्म फिल्मले देशभर १ सय ३० हाराहारी शो पाएको देखिन्छ । देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले मात्र देशभरका १० वटा हलमा गरी कूल ५० शो दिएको छ । त्यस्तै, दोस्रो ठूलो मल्टीप्लेक्स चेन आइएनआई सिनेमाजले ९ शो उपलब्ध गराएको छ ।

काठमाडौंमा सञ्चालित वान सिनेमाजले नयाँ बानेश्वर र कालिमाटी हलमा गरी ७ शो, एफक्युबले ६ शो, बिग मूभिज र सिने डी सेफले समान ४/४ शो, बिएसआर मुभिज र सिके सिनेमाजले समान ३/३ शो, रञ्जना सिनेप्लेक्सले ५ शो र कीर्तिपुर सिनेप्लेक्सले १ शो दिएका छन् । पोखरा, नेपालगञ्ज, चितवन, विराटनगर, इटहरी जस्ता सहरमा पनि फिल्मलाई राम्रो शो उपलब्ध भएको छ ।

अब प्राप्त शोलाई अकुपेन्सीमा बदल्नुपर्ने चुनौती 'तेल भिसा'लाई रहनेछ । शुक्रबार अकुपेन्सी अनुपात ५० प्रतिशत मात्रै हुन सकेको खण्डमा पनि उपलब्ध शोबाट फिल्मले ८० लाखमाथिको ओपनिङ गर्न सक्छ । र, शनिबारका लागि शोमा पनि वृद्धि हुनेछ । बिहीबार दिउँसोसम्म काठमाडौंका केही हलमा फिल्मको टिकट बुकिङ राम्रो देखिन्छ । अब 'डोलसेल' महत्त्वपूर्ण छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभंई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

नेपालले पायो ऐतिहासिक 'कन्ट्री रेटिङ'

काठमाडौं, ६ मंसिर/ इतिहासमै पहिलोपटक भएको सार्वभौम रेटिङमा नेपालले ऐतिहासिक रेटिङ पाएको छ । विश्वका तीन ठूला रेटिङ कम्पनीमध्ये एक फिच र टिङसले नेपाललाई 'डबलबी माइनस' रेटिङ प्रदान गरेको हो ।

यो भारतको भन्दा दुई स्थान तलको रेटिङ हो, तर अन्य दक्षिण एसियाली मुलुकहरूमध्ये सबैभन्दा राम्रो हो । नेपालमा विदेशी मुद्रा सञ्चिति उत्कृष्ट भएको तथा बलियो आर्थिक वृद्धिको प्रक्षेपणका आधारमा फिचले नेपाललाई उस्तै अन्य देशको तुलनामा निकै उत्कृष्ट रेटिङ प्रदान गरेको हो । पहिलोपटक भएको रेटिङमा नै यस्तो रेटिङ प्राप्त गर्नु भनेको ऐतिहासिक भएको चार्टर्ड एकाउन्टेन्ट अनलराज भट्टराईले बताए ।

अल्पकालीन रूपमा नेपालको अर्थतन्त्र स्थिर रहने विश्लेषणको आधारमा यो ग्रेड पाएको उनको भनाइ छ । 'नेपालमा राजनीतिक स्थिरता हुन्थ्यो भने यो भन्दा राम्रो डबलबी प्लस' सम्मको रेटिङ आउन सक्थ्यो । तर, जे आएको छ त्यसलाई सकारात्मक रूपमा लिनुपर्छ,' उनले भने । कन्ट्री रेटिङ कम्पनीहरूको क्रेडिट रेटिङ गरेजस्तै हो, तर यो भने कुनै मुलुक वा सार्वभौम निकायको मात्रै गरिन्छ । सार्वभौम रेटिङले कुनै मुलुकको ऋणपत्रमा लगानी गर्दा आउनसक्ने जोखिमहरुबारे जानकारी दिन्छ, त्यसमा राजनीतिक जोखिम पनि पर्छ ।

कुनै देशको अनुरोधमा क्रेडिट रेटिङ एजेन्सीले त्यो मुलुकको आर्थिक तथा राजनीतिक वातावरणको स्वतन्त्र मूल्यांकन गर्छ र त्यसलाई रेटिङ प्रदान गर्छ । त्यति मात्रै होइन, विदेशी लगानीकर्ताहरुले कुनै मुलुकमा लगानी गर्नु कत्तिको सुरक्षित छ भनेर मूल्यांकन गर्न त्यो मुलुकको कन्ट्री रेटिङलाई हेर्नै गर्छन् । कुनै मुलुकलाई अन्तर्राष्ट्रिय बजार मा ऋणपत्र (बोन्ड) जारी गरी ऋण उठाउनका लागि क्रेडिट रेटिङ अनिवार्य रुपमा चाहिन्छ । साथै मुलुकहरुले विदेशी लगानी आकर्षित गर्न पनि रेटिङ गराउँछन् ।

विश्वका ठूला एस एण्ड पी, फिच र मुडीजले सबैभन्दा राम्रो 'एएए' (ट्रिपल ए)देखि सबैभन्दा

नराम्रो सी ग्रेडसम्म राखेर रेटिङ गर्ने गर्छन् । उनीहरुबीच रेटिङ प्रदान गर्ने थोरै भिन्न हुने गर्छ । जस्तै, सबैभन्दा नराम्रो अर्थात् टाट पल्टेको मुलुक वा निकायलाई मुडिजले सी रेटिङ दिन्छ भने एसएन्डपीले एसडी र फिचले आर डी-डी रेटिङ दिन्छन् । त्यसमध्ये बीबीबी माइनसदेखि माथिको रेटिङलाई लगानीका लागि राम्रो मानिन्छ भने त्यसभन्दा मुनि बी माइनससम्मको लाई सट्टेबाजीको रेटिङ मानिन्छ । त्यसभन्दा मुनिको रेटिङलाई उच्च जोखिमयुक्त वा टाट पल्टिनसक्ने सम्भावना भएको मानिन्छ ।

जति खराब रेटिङ हुँदै गयो, त्यस्तो मुलुकले ऋण फिर्ता गर्न नसक्ने जोखिम बढी हुने वा लगानीको वातावरण खराब हुने मानिन्छ । क्रेटिङ रेटिङ गर्दा एजेन्सीहरुले ऋण तिर्ने अनुपात, आन्तरिक मुद्रा प्रदायको दर, आयात तथा निर्यातको दरलगायत धेरैवटा सूचकलाई हेर्ने गर्छन् । फिचको ए रेटिङमा विश्वका विकसित मुलुकहरु पर्छन् । डबलबी रेटिङमा पर्नु भनेको लगानीका लागि उत्कृष्ट स्थानमा पर्नु होइन, तर हाम्रोजस्तो मुलुकका लागि भने ऐतिहासिक नै भएको विश्लेषकहरु बताउँछन् ।

के आधारमा फिचले प्रदान गऱ्यो यो रेटिङ ?

यो रेटिङले नेपालमा बाह्रय ऋणभार कम रहेको र अति नै सहलियतपूर्ण रहेको भन्ने देखाउने फिचले जनाएको छ । खासगरी जलविद्युत क्षेत्रका कारण नेपालको आर्थिक वृद्धिको प्रक्षेपण बलियो र बाह्रय तरलता सुदृढ रहेको देखिने पनि फिचले जनाएकों छ । अल्पविकसित मुलुक बाह्रय शक र प्राकृतिक प्रकोपको जोखिममा रहे पनि ऋणभार तथा वृद्धिको सम्भावनाले त्यसलाई सन्तुलनमा राखेको पनि उसले जनाएको छ ।

नेपालकोसंघीय सरकारको ऋण यो आर्थिक वर्षको अन्त्यमा जीडीपीको ४४ प्रतिशत रहने र त्यो डबल बी ग्रेडको मेडियन भन्दा निकै तल रहेको पनि उसले जनाएको छ । आईएमएफको वित्तीय सुदृढिकरण परियोजनाका कारण ऋणको तह केही समय यही स्तरमा रहेन र आर्थिक वृद्धि बलियो हुने प्रक्षेपण पनि फिचले गरेको छ।

त्यसै, संघीय सरकारको वित्तीय घाटा २०२६ को अन्त्यसम्मका ४ प्रतिशतमा झर्ने प्रक्षेपण पनि फिचले गरेको छ । डबलबी रेटिङका लागि यो दर जीडीपीको ३ प्रतिशत हुनुपर्ने पनि जनाएको छ ।

नेपाललाई के अवसर ?

नेपालको सार्वभौम रेटिङ हुनु आफैमा महत्त्वपूर्ण उपलब्धि भएको चार्टर्ड एकाउन्टेन्ट भट्टराई बताउँछन् । 'यसअघि नेपाल 'ननरेटेड मुलुक थियो, त्यस्तो अवस्थामा नेपाल राम्रो छ कि खराब छ भन्ने तेस्रो पक्षले मूल्यांकन गरेको थिएन,' उनी भन्छन्, 'यसपछि अब विश्वासिलो तेस्रो पक्षले नेपालको अवस्था के छ भनेर मूल्यांकन गरेको छ ।'

विदेशी लगानीकर्तालि नेपालमा लगानी गर्न वा नेपालको सरकार तथा निजी क्षेत्रले विदेशबाट ऋण तथा बोन्डमार्फत रकम ल्याउन यसले बाटो खोल्ने उनले बताए । 'यसले हाम्रो शाख बचाएको छ,' उनी भन्छन् । नेपालले पहिलोपटक गरेको रेटिङमै 'डबलबी माइनस' पाउनु पनि उपलब्धिमूलक भएको उनले बताए ।

'यो रिटिङले अल्पकालीन रूपमा स्थिर छ भन्ने देखिएको छ, दीर्घकालीन रूपमा जोखिमको सम्भावना देखाएको छ । तर, रेटिङ नै ६ ६ महिनामा हुने भएकाले अर्कोपटक यो फेरिन सक्छ,' उनले भने । रेटिङ सुरु भएपछि अब यसमा कसरी सुधार गर्दै जाने भन्नका लागि नेपाललाई अवसर प्राप्त भएको पनि उनले बताए । 'अबका दिनमा डबल बी प्लस वा टिपुल बीमा जान के के सुधार गर्नुपर्छ त, त्यो योजना बनाएर काम गर्न सकिने भयो, ' उनले भने ।

रेटिङमा आधार लिइएका तथ्यांकीय विषयहरू (क्वान्टिटेटिभ ओभरले) मा नेपालको अवस्था राम्रो देखिए पनि गुणात्मक विषयहरु (क्वालिटेटिभ आभरले) मा भने कमजोरी देखिएको उनले बताए । 'हाम्रोमा राजनीतिक अस्थिरता देखियो, प्रशासनिक पक्षमा पनि सुधार गर्नुपर्ने देखिएको छ । भ्रष्टाचार रोक्ने तथा संरचनात्मक सुशासन बढाउनुपर्ने देखिएको छ,' उनले भने ।

कन्ट्री रेटिङले खोलेका अवसरहरू :

१. मुलुक ननरेटेडबाट रेटिङ गर्ने गरिएको मुलुकमा गयो, यो आफैमा एउटा अवसर हो ।

२. विदेशी लगानीकर्तालाई अहिलेको अवस्थामा नेपालमा लगानी गर्न सकिन्छ भन्ने सन्देश नेपालले पाएको रेटिङले दिएको छ । यसले नेपाललाई विदेशी लगानीकर्ताको विश्वासिलो गन्तव्य मुलुकका रूपमा स्थापित गर्न सक्छ ।

३. विदेशी मुद्राको सञ्चिति बलियो भएको तर सरकारलाई स्रोत चाहिएको बेला बाहिरबाट ऋण ल्याउनका लागि सहयोग हुन्छ । विकासशील मुलुकमा स्तरोन्नति हुँदा अनुदान अझै घट्ने हुँदा त्यसबेला स्रोतको अभाव हुन नदिन यसले मद्दत गर्ने छ ।

४. सरकार तथा निजी क्षेत्रले विदेशको कमर्सियल बजारबाट ऋण तथा लगानी ल्याउन सजिलो बनेको छ तर यसमा कानुनी सुधार गर्न आवश्यक छ ।

यसरी भयो नेपालको रेटिङ

नेपाल सरकारले सन् २०१९ मै फिचलाई रेटिङको जिम्मा दिने निर्णय गरेको थियो । त्यसबेला विभिन्न कारणले रोकिएको रेटिङको काम सरकारले पुनः सुरु गर्न लागेको हो । तर कम्पनी छोनोटको नयाँ प्रक्रिया सुरु गर्दा समय लाग्ने भएकाले पहिल्यै छोनोट भइसकेको कम्पनीलाई जिम्मा दिइएको थियो ।

सरकारले गत वैशाखमा भएको लगानी सम्मेलनअघि नै रेटिङको काम सक्ने बताए पनि बल्ल रिपोर्ट आएको हो । यसअघि आर्थिक वर्ष २०७५-७६ को बजेटमा तत्कालीन अर्थमन्त्री युवराज खतिवडाले पनि मुलुकको क्रेडिट रेटिङ गराउने विषय समावेश गरेका थिए । उनैले त्यसबेला नेपालको कन्ट्री रेटिङ गराउने प्रक्रिया पनि सुरु गरेका थिए । त्यसबेला नै ठूला ती एस एन्ड पी, मूडिज र फिचबीच प्रतिस्पर्धा गराएर फिचलाई छानिएको थियो ।

त्यसबेलादेखि नै नेपालको रेटिङ सल्लाहकारका रुपमा स्टान्डर्ड चार्टर्ड बैंकले काम गरिरहेको छ । त्यस्तै यो कामका लागि बेलायती सहयोग नियोग एफसीडीओले वित्तीय सहयोग गर्ने गरेको थियो । त्यसबेला आर्थिक सूचकहरु कमजोर भएका कारण रेटिङ कमजोर आउने हो कि भन्ने डरले सरकारले नै सार्वभौम रेटिङको काम रोकेको थियो ।

(स्रोत: अनलाइनखबर)

मकवानपुरको ७ वटा पालिकामा सामुदायिक आँखाकेन्द्र

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ मकवानपुरको हेटौंडा उपमहानगर पालिकासहित ७ वटा पालिकामा सामुदायिक आँखा केन्द्रले सेवा सञ्चालन गरेका छन् । जिल्लाको १० पालिकामध्ये बाँकी ३ वटामा पनि आँखा केन्द्र स्थापना गरी सञ्चालन गर्ने तयारी छ ।

हेटौंडा सामुदायिक आँखा अस्पतालले थाहा नगरपालिका, मनहरी गाउँपालिका, बागमती गाउँपालिका, ईन्द्रसरोवर गाउँपालिका, कैलाश गाउँपालिका र बकैया गाउँपालिकासँगको सहकार्यमा ग्रमीण आँखा केन्द्र पनि संचालन गरिसकेको छ । त्यसैगरी राबिसराङ, भीमफेदी र मकवानपुरगढी गाउपालिकासँग पनि ग्रामीण आँखा केन्द्र स्थापनको लागि छलफल भइरहेको छ । पालिकामा नयाँ शल्यक्रिया भवन निर्माण गरी सेवाप्रदान गर्नुका साथै न्यून दृष्टि भएका बालबालिकाको लागि पनि छुट्टै सेवाप्रदान गर्ने योजना रहेको बताइएको छ ।

हेटौंडामा भने हेटौंडा सामुदायिक आँखा अस्पताल १६ वर्षदेखि सुरु भएको हो । ५ मंसिर २०६५ मा अष्ट्रेलियन राजदुत ग्राहम लेडले हेटौंडामा सामुदायिक आँखा अस्पतालको उद्घाटन गरेका थिए । नेपाल आँखा कार्यक्रम

तिलगंगा आँखा प्रतिष्ठानको पहिलो शाखाको रुपमा हेटौंडा सामुदायिक आँखा अस्पताल स्थापना भएको थियो । स्थापनाकालदेखि हालसम्म अस्पतालमा ८ लाख ९३ हजार जनाले आँखा जाँच गरिसकेका छन् । ६० हजार मोतिविन्दुका बिरामीको शल्यक्रिया भएको छ । विभिन्न क्षेत्रमा निःशुल्क आँखा शिविर संचालन गरेर २२ हजारको निःशुल्क शल्यक्रिया गरिएको छ ।

अस्पतालमा आँखा जाँच, चश्मा जाँच, शल्यक्रिया सेवा, औषधि सेवा प्रदान गरिदै आइरहेको छ । यसका साथै आँखा स्वाथ्यसम्बन्धी जनचेतना प्रदान गर्न विभिन्न समयमा विद्यालयका शिक्षक, स्वास्थ्य कार्यकता, महिला स्वास्थ्य स्वयम्सेविका, कारखानाका कामदार लगायत बिभिन्न समूहलाई तालिम गोष्ठी आयोजना गर्दै आएको छ । अस्पतालमा आई आँखा उपचारसेवा लिन नसकेकालाई ग्रामीण क्षेत्रमा नै पुगी निःशुल्क आँखा शिविर पनि आयोजना गर्दै आइरहेको छ ।

रविनले सुरु गरे एजेण्डा सहितको घरदैलो अभियान

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ आगामी मंसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचन अन्तरगत हेटौंडा-१२ को वडाध्यक्ष पदका लागि नेकपा माओवादी केन्द्रबाट उम्मेद्वारी दिएका रबिकुमार प्रधान (रविन)ले घरदैलो अभियान सुरु गरेका छन् ।

बिहीबार बिहान हेटौंडा-१२ को हात्तीगौडाबाट घर दैलो अभियान सुरु गरिएको उपनिर्वाचन कमाण्डर बीरबहादुर घलान 'ज्वाला'ले बताए ।

स्थानीय वडावासीसँग समग्र वडाको विकासका लागि अन्तरक्रियासँगै मत र आशीर्वाद लिन घरदैलो अभियान गरिएको वडाध्यक्षका उम्मेदवार प्रधानले बताए । प्रधान बिभिन्न एजेण्डासहित घरदैलोमा होमिएका छन् । प्रधान कक्षा १२ सम्म निशुल्कसहित प्राविधिक शिक्षालय स्थापनामा जोड दिई उच्चशिक्षामा छात्रबृत्तिको प्रवन्धसहित पहुँच विस्तार गर्ने, सहज, सर्वसुलभ तथा गुणस्तरीय आधारभूत स्वास्थ्यसेवाको प्रत्याभूति गराउने र वडा भित्रको एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउने, युवा तथा महिलामा उद्यमशीलताको विकास गरी आत्मनिर्भर बनाउन तथा एकघर एक रोजगारलाई अभियानका रुपमा सञ्चालन गर्ने, वडामा औचोगिक वातावरण निर्माण गरी उद्योग स्थापनाको लागि समन्वयात्मक पहल गर्न लगायत एजेण्डा रहेका छन् ।

वडाकोसडक सञ्जालको स्तरोन्नति तथा ल्याव ढलान, पिच लगायतको कार्यलाई प्राथमिकतापूर्वक अगाडि बढाउने, आधुनिक व्यवस्थित नगर विकासको अवधार णमा आधारित विकास मोडल अगाडि बढाउने, वडाका धार्मिक स्थलहरु गुम्बा, मन्दिर, चर्चको स्तरोन्नति गर्ने, स्तरीय खेलमैदान, व्यवस्थित चिल्ड्रेनपार्क एवम् पिकनिकस्थल निर्माण गर्ने प्रधानका योजना रहेका छन् ।

कृषिमा आधुनिकीकरण गरी व्यवसायिक कृषिमा वडावासीलाई आकर्षित गर्न माटोको उर्वरशक्तिको विकास गराई उन्नत पशुपालनमा नश्लसुधारको कार्यक्रम सञ्चालन गर्ने, स्वच्छ खानेपानी र सिंचाईको प्रवन्ध गर्न, भूमिहिनका लागि जग्गाधनी प्रमाणपुर्जाको लागि पहल गर्ने, लक्षित बर्गका लागि निशुल्क स्वास्थ्यबीमा र शिक्षाको व्यवस्था गर्ने, वडाको सेवाप्रवाहलाई नागरिकमैत्री, सुशासनयुक्त तथा प्रभावकारी बनाउने, वडामा सञ्चालनमा रहेका राम्रा कामलाई निरन्तर पूर्णता दिने लगायत एजेण्डा प्रधानको छ ।

प्रधानले वडाको विकासका लागि चयन गरिएका एजेण्डा वडाका सम्पूर्ण नागरिकको एजेण्डा भएको र एजेण्डा कार्यान्वयन सम्पूर्ण वडावासीको सल्लाह, सुझाव अनुसार गरिने बताए । आफू सधैं वडाको विकासको लागि प्रतिबद्ध भएकोले विकास निर्माण र योजना छनोटमा सबै राजनीतिक दलसँग समन्वय गरेर अगाडि बढ्ने प्रधानले बताए ।

चिसोमा साढे ५ हजार बाढीपीडित परिवार त्रिपालमुनि

काठमाडौं, ६ मंसिर/गत ११ र १२ असोजको बाढी, पहिरो र डुबानबाट घरबास गुमाएकाहरूले अझै अस्थायी आवासका लागि सहयोग रकम पाउन सकेका छैनन् । संघ सरकार र स्थानीय तहबीच पर्याप्त तालमेल र समन्वय नहुँदा प्रभावित घर परिवारले अस्थायी आवास बनाउन नपाएका हुन् ।

विपद्ले घरबारविहीन बनाएको करिब २ महिनासम्म पनि सरकारले प्रभावितका लागि सामान्य राहतबाहेक केही पनि सहयोग उपलब्ध गराउन सकेका छैनन् । विपद् जाखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार अहिलेसम्म बाढी, पहिरोबाट झन्डै १८ हजार घरमा क्षति भएको थियो ।

त्यसमध्ये करिब साढे ५ हजार घरहरू पूर्ण रूपमा क्षति भएको र करिब साढे १२ हजार घरमा आंशिक क्षति भएको तथ्यांक विपद् प्राधिकरणका सहसचिव रामबन्धु सुबेदीले जानकारी दिए ।

उनका अनुसार अहिलेसम्म २६० घरपरिवारले मात्रै अस्थायी आवास बनाउन सहयोग र कम पाएका छन् । सरकारले विपद् प्रभावितलाई अस्थायी आवासका लागि ५० हजार रुपैयाँ उपलब्ध गराउने व्यवस्था छ । दुई किस्तामा २५-२५ हजार रुपैयाँ दिने सरकारी नियम छ । यस्तो रकम स्थानीय तहहरूमार्फत नै पीडितको बैंक खातामा पठाउनुपर्ने हो ।

गत ६ कात्तिकमा प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १४औं बैठकले बाढी, पहिरो तथा डुबानबाट प्रभावित ७१ स्थानीय तहलाई राहत रकम उपलब्ध गराउने निर्णय गरेको थियो ।

बैठकले निजी आवासको हकमा अस्थायी आवासको निर्माण प्रक्रियालाई तत्काल अगाडि बढाउने, क्षतिग्रस्त तथा जोखिममा रहेका निजी आवास तथा सार्वजनिक पूर्वाधारको विस्तृत क्षति आकलनको प्रक्रिया अगाडि बढाइ हाल्ने निर्णय पनि गरेको थियो । बैठकले कात्तिक मसान्तभित्र मनसुनजन्य विपद्का कारण क्षतिग्रस्त घर परिवारलाई अस्थायी आवास अनुदान उपलब्ध गराउने गरी समयसीमा समेत तोकेको थियो ।

तर, स्थानीय तहहरूले अझैसम्म पनि घरबास गुमाएकाहरूको विवरण संकलन गरेर अस्थायी आवासको रकम निकासाका लागि माग नगरेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको दावी छ । तोकिएका फारम भरेर स्थानीय तहले प्राधिकरणको प्रणालीमा राखेपछि प्राधिकरणले अस्थायी आवासको पहिलो किस्ताको रकम निकासा गर्ने व्यवस्था छ ।

स्थानीय तहहरूले तोकिएको ढाँचामा अस्थायी आवासका लागि रकम निकासा नमागेसम्म रकम निकासा नहुने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भनाइ छ ।

'प्रचलित कानुनअनुसार प्रभावितहरूलाई अस्थायी आवास सुविधा दिन स्थानीय तहहरूकै बढी भूमिका छ,' सहसचिव सुबेदीले भने, 'स्थानीय तहहरूले जति छिटो विवरण प्रणालीमा राख्नुहुन्छ, उति छिटो अस्थायी आवासका लागि सहयोग रकम निकासा हुन्छ ।'

स्थानीय तहरूलाई जतिसक्दो छिटो अस्थायी आवासका लागि सहयोग रकम प्रभावितलाई दिने गरी काम गर्न ताकेता गरिरहेको प्राधिरकणले जनाएको छ । प्राधिकरणले बुधबार मात्रै सबै प्रभावित स्थानीय तहहरूलाई अस्थायी आवासको रकम उपलब्ध गराउने गरी काम गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत परिपत्र गरेको छ ।

'हामी अब स्थानीय तहरूलाई छिटो प्रणालीमा त्यसबाट इन्ट्री गराउन जिल्ला-जिल्लामा पुगेर तालिम समेत दिँदैछौं,' सुबेदीले भने, 'यसपछि अस्थायी आवासको रकम प्रभावितलाई दिने क्रम बढ्दै जाने अपेक्षा छ ।'

धेरैजसो स्थानीय तहले बाढी पहिरोबाट भएको क्षति र त्यसबाट प्रभावितहरूबारे तथ्यांक संकलन गरिसकेका छन् । तर, अस्थायी आवास बनाउन सघाउने गरी बेलैमा रकम उपलब्ध गराउन पहल उनीहरूले नगर्दा प्रभावितहरू समस्यामा छन् ।

जाडोयाम लागिसक्दा पनि पूर्ण रूपमा घर क्षति भएकाहरू त्रिपालमुनि बस्न बाध्य छन् । आफन्त र छरछिमेकको घरमा शरण लिएर वा कोठा लिएर बस्ने प्रभावितहरू पनि धेरै छन् । स्थानीय तहहरूले विपद्रुपछि प्रभावितलाई अस्थायी आवास बनाउन सहयोग गर्ने वा बनाइदिने विषयमा पर्याप्त प्रयास र पहल नगरेको गृह मन्त्रालय विपद् महाशाखाका एक अधिकारी बताउँछन् । 'अस्थायी आवासका लागि संघ सरकारबाट प्राप्त हुने रकम प्रभावितसम्म पठाउने कानुन छ, कार्यविधि बजेट र सिस्टम पनि छ,' ती अधिकारीले भने, 'तर, किन हो स्थानीय तहहरू आफूले गर्नुपर्ने काममा जाँगर देखाइरहेका छैनन् ।'

(स्रोत: अनलाइनखबर)

दरबारमार्गमा प्रधानमन्त्रीको शक्ति प्रदर्शन किन गरिदैछ ?

काठमाडौं, ६ मंसिर/ सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले भोलि शुक्रबार राजधानी उपत्यकामा शक्ति प्रदर्शनको तयारी गरेको छ । जनसभा नाम दिइएको प्रदर्शनमा एक लाख हाराहारी मानिस उतार्ने एमालेको तयारी छ । 'हजारौं मानिस दरबारमार्गमा उतार्ने तयारी पूरा भएको छ । हाम्रो जनसभापछि राष्ट्रिय रूपमा एउटा सन्देश जानेछ,' प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भने ।

गौतमका अनुसार शहीद गेटबाट सुरु भएर एमालेको जुलुस वीर अस्पताल, जमल हुँदै दरबार मार्ग पुरनेछ । 'दरबारमार्गमा हुने सभालाई अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र महासचिव शंकर पोखरेलले सम्बोधन गर्नुहुनेछ', उनले भने ।

जनसभाबाटै एमालेको वास्तविक शक्ति देखाइने नेतारू बताउँछन् । 'एमाले नेतृत्वविरुद्ध सडकबाट देखाइदिने भन्दै कतिपय अराजक शक्तिहरूले अफवाह फैलाइरहेका छन् । त्यसको प्रतिवादमा पनि हो, यो सभा,' एक नेताले भने । प्रधानमन्त्रीविरुद्ध भइरहेको प्रदर्शनकै प्रतिवाद गर्ने योजना अन्तर्गत एमालेले यो जनसभाको तयारीमा सम्पूर्ण शक्ति खर्चिएको छ । नेतारूका अनुसार पछिल्लो साता राजधानीमा उपलब्ध सम्पूर्ण पार्टीपंक्ति र वर्गीय विभागहरु परिचालित भएका छन् ।

भक्तपुर, ललितपुर र काठमाडौंसहित उपत्यका वरपरका जिल्लाहरूबाट ठूलो संख्यामा मानिस ल्याउने एमाले तयारी छ । उपत्यका र आसपासका जिल्लाहरूबाट मानिस ल्याउने उद्देश्यकै साथ बागमती प्रदेश इन्चार्ज डा. राजन भट्टराई संयोजक र बागमती अध्यक्ष कैलाश ढुंगेल सहसंयोजक रहने गरी तयारी समिति गठन गरिएको थियो । भट्टराईलाई तयारी समितिको संयोजक बनाउने निर्णयका कारण एमाले नेतृत्व अहिले अप्ठ्यारोमै परेको छ ।

हुन पनि जनसभाको अध्यक्षता गर्ने भूमिका पाएका तयारी समन्वय समिति संयोजक राजन भट्टराई आफैं कम्बोडिया उडे । जबकि प्रधानमन्त्रीले कम्बोडियामा लगानी गरेको अफवाह फैलाएको भन्दै गत ४ मंसिरमा मात्र विवादित व्यापारी दुर्गा प्रसाईंलाई पक्राउ परेका छन् । तिनै प्रसाईंलाई एमालेले अराजकताको नाइके मान्छन् ।

अनि प्रसाईं पक्राउ पर्नु, अराजकताविरुद्ध एमाले जनसभा हुँदै गर्नु, तर जनसभाकै संयोजक भट्टराई कम्बोडिया उडुनुको संयोगबारे एमाले नेताहरूले खण्डन गरिरहेका छन् । प्रचार विभाग प्रमुख गौतम भने भट्टराईको कम्बोडिया भ्रमण पूर्वनिर्धारित भएकाले थप अलमलमा पर्न नहुने बताउँछन् । 'यो भ्रमण पूर्वनिर्धारित हो, त्यसैले उहाँ संयोजक बस्न मान्नुभएको थिएन,' गौतमले भने, 'तर बागमती प्रदेश नै बढी परिचालित हुनुपर्ने भएकाले प्रदेश इन्चार्जलाई संयोजक बनाइएको थियो ।'

अर्थात् एमालेले जनसभालाई शक्ति प्रदर्शनकै रूपमा दिन भट्टराई संयोजक र ढुंगेल सहसंयोजक बनाइएका थिए । उनीहरूकै मातहत रहने गरी एमालेका २३ जनसंगठन, ३२ विभाग, केन्द्रीय निकाय, उपत्यकामा रहेका केन्द्रीय नेतृत्व र जनप्रतिनिधि परि चालित गरिएको नेताहरू बताउँछन् । भोलिको सभालाई दिइएको महत्त्व बुझ्न यसको तयारीमा लागेको समय र गतिविधि हेर्नुपर्छ । गत २४ कात्तिकमा बसेको सचिवालय बैठकले जनसभाबारे निर्णय गरेको थियो ।

(स्रोत: अनलाइनखबर)

हवाई उडानको कृत्रिम अभाव अध्ययन गर्न बन्यो कार्यदल

काठमाडौं, ६ मंसिर/ अन्तर्राष्ट्रिय हवाई उडानमा देखिएको कृत्रिम अभावबारे अध्ययन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कार्यदल गठन गरेको छ । मन्त्रालयका सहसचिव इन्दु धिमिरेको संयोजकत्वमा कार्यदल गठन गरिएको हो ।

कार्यदलमा गृह मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधि सदस्य छन् । मन्त्रालयका सहसचिव एवं प्रवक्ता रामकृष्ण लामिछानेका अनुसार यथाशीघ्र प्रतिवेदन बुझाउने गरी गठित कार्यदलले याङ्गुले खरिद गरेको हवाई टिकट र एयरलाइन्सले बिक्री गरि रहेको टिकट र कालोबजारी अध्ययन तथा अनुगमन गरी सुझाव दिनेछ ।

उक्त सुझावका आधारमा मन्त्रालयले आवश्यक निर्णय लिने उनले उल्लेख गरे । हवाईभाडा वृद्धिबारे गुनासो बढेपछि पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डेले बुधबार अन्तर्राष्ट्रिय उडान गर्ने हवाई कम्पनीलाई २४ घण्टाभित्र हवाई भाडादर उपलब्ध गराउन निर्देशन दिएका थिए । सो निर्देशन बमोजिम आज अन्तर्राष्ट्रिय उडान गर्ने ११ हवाई कम्पनीले बिक्री गरेका टिकटको मूल्य, टिकटको उपलब्धता र याङ्गको विवरण बुझाएको मन्त्रालयले जनाएको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हाली कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपुर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशकः टिका कुमारी ढुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्कः ९८४५१७०९४५, ९८१७२८४६५४, ९८४५२२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि सचिन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना